नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रबारे सिकाई पुस्तिका

२०७९

FEDO
दलित महिला संघ
कुपण्डोल, ललितपुर

प्रकाशन सूचना
प्रकाशक : दलित महिला संघ (फेडो)
कुपन्डोल, ललितपुर, नेपाल
सम्पर्क नं.: +९७७-१-५५४३९८६
फ्याक्सः +९७७-१-५५२०९८२
इमेलः dms.fedo@gmail.com
वेबसाइटः http://www.fedonepal.org
फेसबुकः fedonepal

लेखक : दिपेश घिमिरे
अनुवादः रुप सुनार
सहयोग : प्लान इन्टरनेसनल नेपाल
प्रकाशित मिति : डिसेम्बर २०२२
ग्राफिक डिजाइनः वर्ल्ड वाइड प्रिन्ट सोलुसन (०१ - ५४५०२८९)
आवरण तस्विर : कविता चापागाईं र सावित्री विक

प्रतिलिपि अधिकार : फेडो र प्लान इन्टरनेसनल नेपाल, सन् २०२२
यो प्रतिवेदन प्रकाशनको लागि युरोपियन युनियनबाट आर्थिक सहयोह प्राप्त भएको हो ।

यस संस्थाको पूर्व-स्वीकृति विना यस पुस्तिका वा यसको कुनै अंशलाई बौद्धिक तथा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनःउत्पादन वा मुद्रण गर्न वा कुनै पनि मध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनमा प्रयोग गर्दा स्रोत खुलाई आवश्यक अंश साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

विषयसूची

अध्याय एक : परिचय र उद्देश्य **१**

सिकाइ पुस्तिकाको अवधारणा १

संगठित हुने स्वतन्त्रता ३

अभिव्यक्ति स्वतन्त्रता ३

शान्तिपूर्ण भेला हुन पाउने स्वतन्त्रता ३

यो सिकाइ पुस्तिका किन ? ४

सिकाइ पुस्तिका तयारी विधि ४

सिकाइ पुस्तिकाका लक्षित समूह ५

अध्याय दुई : नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रबारे बुझाई **७**

नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको परिभाषा ७

नागरिक अधिकार क्षेत्र ७

लोकतान्त्रिक अधिकारका क्षेत्र ९

नागरिक समाज र नागरिक संघसंस्था ९

नागरिक संलग्नता १०

नागरिक अधिकारका क्षेत्र र नागरिक समाज १०

नागरिक सक्रियताका लागि नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको महत्व ११

नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको मापन ११

अध्याय तीन : थाइल्याण्ड, बंगलादेश र नेपालमा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र **१४**

अन्तर्राष्ट्रिय व्यवस्था १४

नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्र : सन्दर्भ थाइल्याण्ड र बंगलादेश १५

बंगलादेशमा नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्र १७

नेपालमा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र २०

नेपालमा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको आलोचनात्मक मूल्याङ्कन २४

अध्याय चार : नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको संकुचन २७
नागरिक अधिकार क्षेत्र बन्द गर्ने प्रयत्न २७
संगठित हुने स्वतन्त्रता २८
सार्वजनिक रुपमा सभा-सम्मेलन गर्न पाउने स्वतन्त्रता ३१
अभिव्यक्ति स्वतन्त्रता ३२
मानव अधिकार संरक्षण ३३
लैंगिक तथा सामाजिक समावेशीकरण ३४

अध्याय पाँच : मुख्य कार्य र सरोकारवालाहरू ३६
नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको प्रबर्द्धन गर्न प्रमुख काम ३६
देशको तत्कालीन राजनीतिक र कानुनी सन्दर्भको समालोचनात्मक मूल्याङ्कन ३६
नीति निर्माण प्रक्रियामा नागरिक संलग्नतालाई प्रोत्साहन गरौ ३७
युवा, महिला र सिमान्तकृत समुदायले नेतृत्व गरेका संघसंस्थालाई सहयोग गर्ने ३८
बलियो गठबन्धन र सञ्जाल निर्माण गर ३८
कार्यान्वयनमा सरकारसँग सहकार्य ३९
नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको रक्षा र विस्तारका लागि वकालतमा सहयोग ४०
सामाजिक संघसंस्थाका सदस्य र अभियन्ताका लागि कानुनी, वित्तीय, सुरक्षा तालिम र मनोसामाजिक सहयोग ४०
राज्य-नागरिक समाज सम्बन्ध सुधार ४०
नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र प्रबर्द्धनका लागि सरोकारवालाको भूमिका ४१
अन्तर्राष्ट्रिय समुदायको भूमिका ४१
संसद र सांसदको भूमिका ४२
सञ्चार क्षेत्रको भूमिका ४३
नागरिक संघसंस्थाको भूमिका ४४
राजनीतिक दलको भूमिका ४५
न्यायपालिकाको भूमिका ४६
नागरिक सक्रियता र नागरिक अधिकार क्षेत्र ४७

अध्याय छ : नेपालमा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको संरचना ४८
स्थानीय तहमा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको गैरसरकारी संरचना ४८
नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको सरकारी संरचना ४९

अध्याय एक
परिचय र उद्देश्य

सिकाइ पुस्तिकाको अवधारणा

"हामी संयुक्त राष्ट्रसंघका जनता आगामी पुस्तालाई युद्धको महामारीबाट बचाउन प्रतिबद्ध छौं... मौलिक मानव अधिकार, व्यक्तिको गौरव र मूल्य, पुरुष र महिलाको समान अधिकार, ठूला र साना राष्ट्रहरूको समान अधिकार पुनः पुष्टि गर्ने सवाल, सन्धीहरूबाट उत्पन्न हुने अधिकार र सम्मानका साथै ती सन्धी र अन्य अन्तर्राष्ट्रिय कानुनी स्रोतबाट उत्पन्न हुने दायित्वको सम्मान हुने अवस्था स्थापित गर्न र सामाजिक प्रगति र गुणस्तरीय जीवन सहितको बृहत स्वतन्त्रता स्थापित गर्न संयुक्त राष्ट्रसंघ प्रतिबद्ध छ।"

- प्रस्तावना, संयुक्त राष्ट्र संघको चार्टर

पछिल्लो समयमा विश्वभरि नै नागरिक अधिकार र लोकतान्त्रिक मूल्य मान्यताका क्षेत्र संकुचित गर्ने प्रयास भइरहेका छन्। युवा, महिला र मानव अधिकार रक्षकका साथै सामाजिक संघसंस्थामा आवद्ध व्यक्ति, सुशासन अभियन्ता, अल्पसंख्यक समूहका नेतृत्वलगायत सबै प्रकारका अभियन्ताले सरकारी र गैरसरकारी दुवै पक्षबाट धेरै अवरोधको सामना गरिरहेका छन्। विश्वभरि नै विशेषगरी सरकार, कट्टरपन्थी र अतिवादी समूहबाट नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रमा आक्रमण गरिरहेका छन्।

अहिले नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रलाई नीति, कानुन र अन्य अभ्यासमार्फत संकुचित पार्ने र बन्द गर्ने प्रवृति हाबी भइरहेको छ। यस्तो संकुचनले नागरिक र नागरिक संघसंस्थाको सञ्चालन र स्वतन्त्रपूर्वक आफ्ना गतिविधि गर्ने शक्तिलाई अवरोध पुऱ्याउँछ। यसले सिमान्तकृत

समुदाय र नागरिकको सेवा गर्ने, मानव अधिकारको प्रवर्धन गर्ने र सरकारलाई पारदर्शी र जवादेही बनाउने नागरिक समाजको सामर्थ्य घटाउँछ ।

बंगलादेश, नेपाल र थाइल्याण्डजस्ता एसियाका देशहरुमा नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रमा प्रतिबन्ध बढ्दै जानुका पछाडिको एउटा मुख्य पक्ष आर्थिक अनियमितता हो । यसले आधारभूत आर्थिक अधिकारबाट वञ्चित समूहलाई अन्य विकल्प र न्यायमा पहुँचबाट समेत वञ्चित गराउँछ । पछिल्लो समय लोकतान्त्रिक र निरङ्कुश दुवै किसिमका राज्यको संयन्त्र र संरचनामा सानो समूहको कुलीन वर्ग, गुट र प्रभुत्वशाली समूहले कब्जा गरिरहेका छन् । सिमित मानिसले असिमित स्वतन्त्रता र अवसरको उपभोग गरिरहेका छन् । जसले गर्दा संसारभरि नै अधिकांश जनता नागरिक र लोकतान्त्रिक अधिकारबाट वञ्चित हुँदै गइरहेका छन् ।

एसियाका तीन देश नेपाल, बंगलादेश र थाइल्याण्ड पनि यस्तो अवस्थाबाट मुक्त छैनन् । यद्यपि, यी तीनवटै देशले लोकतान्त्रिक शासन व्यवस्था अपनाएका छन् । तर यी देशमा सरकारी तथा गैरसरकारी दुवै क्षेत्रबाट नागरिक र लोकतान्त्रिक अधिकारको क्षेत्र नियन्त्रण भइरहेका छन् । सरकारी र गैरसरकारी दुवै समूहले औपचारिक र अनौपचारिक रुपमा नागरिकको नागरिक र लोकतान्त्रिक अधिकार नियन्त्रण र संकुचन गरिरहेका छन् ।

त्यसैले संसारभरि नै अभियन्ता, मानव अधिकारकर्मी र नागरिक संघसंस्थाका प्रतिनिधि आदिलाई नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको संकुचनबारे सचेत गराउन जरुरी छ । यसरी ती अधिकारबारे जानकारी गराउन यो पुस्तिका महत्वपूर्ण हुने छ । यो पुस्तिकाले अभियान्ता र अधिकारकर्मीलाई नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्र भनेको के हो ? संसारभरि यसको संकुचन कसरी भइरहेको छ ?संकुचन मापन गर्ने विधि के हुन् ? र भविष्यमा नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रमाथिको संकूचन न्यूनीकरण गर्न सरोकरवालाहरुको भूमिका के हुन सक्छ ? भन्ने विषय बुझ्न सहयोग गर्ने छ ।

नागरिक अधिकारको क्षेत्र कुनै पनि खुला र लोकतान्त्रिक समाजको आधार हो । जब नागरिक अधिकारका क्षेत्र खुला हुन्छन्, तब नागरिक र सामाजिक संघसंस्थाले बिना अवरोध समाजमा संगठित हुन, सहभागिता जनाउन र छलफल गर्न सक्छन् । उनीहरूले आफ्नो अधिकार दाबी गर्न र सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक संरचनालाई प्रभावित गर्न सक्छन् । यो तब मात्र हुन सक्छ, जब राज्यले आफ्नो कर्तव्य पालना गर्दै नागरिकको संगठित हुने, शान्तिपूर्ण सभा-सम्मेलन गर्न पाउने, स्वतन्त्रतापूर्वक आफ्ना विचार अभिव्यक्त गर्न पाउने मौलिक अधिकारको संरक्षण, सम्मान र सहजीकरण गर्छ । नागरिक र लोकतान्त्रिक अधिकारका तीनवटा मुख्य आयाम छन् । ती यसप्रकार रहेका छन् :

संगठित हुने स्वतन्त्रता

नागरिक र लोकतान्त्रिक अधिकारको पहिलो कडी हो - संगठित हुने स्वतन्त्रता । यो अधिकार भनेको कुनै पनि नागरिकले औपचारिक वा अनौपचारिक समूहमा सामेल भइ सामूहिक कार्य गर्न पाउने अधिकार हो । यस अधिकार अन्तर्गत नागरिकले नयाँ समूह गठन गर्न र स्थापित संगठनमा आवद्ध हुन् पाउने अधिकार अन्तरनिहीत हुन्छ । यसरी आवद्धता हुने अधिकार भन्नाले सामाजिक संघसंस्था, समुदायमा आधारित संघसंस्था, युवा क्लब, ट्रेड युनियन, महिला समूह, सहकारी, गैरसरकारी संस्था, राजनीतिक पार्टी, धार्मिक आवद्धता, फाउण्डेशन र अनलाइन आवद्धता आदि पर्दछन् ।

अभिव्यक्ति स्वतन्त्रता

नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको दोस्रो महत्वपूर्ण विषय भनेको अभिव्यक्ति स्वतन्त्रताको हो । यसअन्तर्गत सूचनामा पहुँच, सरकारी र गैरसरकारी निकायका नीति र गतिविधिका सवालमा आलोचनात्मक दृष्टिकोणबाट मूल्याङ्कन गर्न पाउने जस्ता अधिकार पर्दछन् । यसैगरी साझा सवालका विषयमा बिना कुनै डर सार्वजनिक रुपमा ध्यानाकर्षण गराउन पाउने र त्यस्ता गतिविधिविरुद्ध वकालत गर्न पाउने अधिकार पनि यो अधिकार क्षेत्रभित्र पर्दछ । सामाजिक संघसंस्थाको अनुसन्धान गर्न पाउने र त्यसका प्राप्त तथ्यलाई दस्तावेजीकरण गर्ने स्वतन्त्रता पनि यो अधिकारले सुनिश्चित गरेको छ ।

शान्तिपूर्ण भेला हुन पाउने स्वतन्त्रता

नागरिक अधिकार क्षेत्रको तेस्रो महत्वपूर्ण आयाम भनेको शान्तिपूर्ण रुपमा सभा-सम्मेलन गर्न पाउने स्वतन्त्रता हो । यो अधिकार भनेको सार्वजनिक रूपमा भेला हुने र सामूहिक रूपमा आफ्ना साझा मद्दा/सवाल अभिव्यक्त र प्रवर्द्धन गर्नुका साथै ती सवालको निरन्तर निगरानी गर्न र रक्षा गर्न पाउने अधिकार आदि पर्दछन् । निजी वा सार्वजनिक उद्देश्य प्राप्तिका लागि सभा-सम्मेलनमा भाग लिन पाउने, प्रदर्शनी गर्न पाउने, शान्तिपूर्ण सभा-सम्मेलन गर्न पाउने, हड्ताल, विरोध प्रदर्शन अन्य प्रकारका भेला गर्न पाउने कुरा यस अधिकार अन्तर्गन समावेश हुन्छन् । त्यस्ता भेला वा सम्मेलनको संरक्षण र सहजीकरण गर्ने दायित्व पनि राज्यकै हुन्छ ।

नागरिक तथा लोकतान्त्रिक अधिकार क्षेत्रको संकुचनले सामाजिक संघसंस्थाको केन्द्रिय भूमिका रहेको दिगो विकास लक्ष्य प्राप्त गर्न समस्या सिर्जना गर्दछ । दिगो विकास लक्ष्य १६ ले सरकार र अन्य विकास साझेदारले सबै तहमा उत्तरदायी, समावेशी, सहभागी र प्रतिनिधिमुलक निर्णय गर्नुपर्ने कुरामा प्रतिबद्धता गरेको छ । त्यसैगरी राज्यले राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय सम्झौता

बमोजिम सूचनामा जनताको पहुँच बढाउने र आधारभूत स्वतन्त्रताको संरक्षण गर्ने लक्ष्य प्राप्तिका लागि काम गर्नुपर्छ। अझ लक्ष्य १७ मा प्रभावकारी सार्वजनिक, निजी-सार्वजनिक तथा नागरिक समाजबीच हुने सहकार्यलाई थप प्रोत्साहन र प्रबर्द्धन गर्नुपर्ने कुरा समावेश छ।

नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको संकुचनले यी लक्ष्य प्राप्त गर्ने कुरालाई जोखिमपूर्ण बनाएको छ। त्यसैले दिगो विकास लक्ष्यका बाँकी लक्ष्य पुरा गर्नको लागि नागरिक समाजले आलोचनात्मक र महत्वपूर्ण भूमिका खेल्न सक्छन्। नागरिक समाजले सरकारसँग संयोजन वा साझेदारी गरेर दिगो विकास लक्ष्यका प्रतिबद्धताहरु पुरा गर्न सहयोग गर्ने, सरकारलाई आवश्यक दवाव दिने र अन्तर्राष्ट्रिय निकायसँग समन्वय र साझेदारी गररे पनि काम गर्न सक्छन्। यसले एकातिर दिगो विकास लक्ष्यको कार्यान्वयनमा सकारात्मक प्रभाव पर्छ भने अर्को तिर नागरिक तथा लोकतान्त्रिक अधिकार क्षेत्रको संरक्षण पनि गर्छ।

यो सिकाइ पुस्तिका किन ?

नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्र, काम र संरक्षणबारे अध्ययन गर्ने क्रम बढिरहेको छ। संयुक्त राष्ट्रसंघले पनि सन् २०२० मा जनसहभागिता र नागरिक अधिकारलाई प्राथमिकतामा राखेको छ। यो पुस्तिकाले महिला, सिमान्तकृत समुदाय र युवा क्षेत्रमा क्रियाशील सामाजिक संघसंस्थालाई नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रबारे जानकार बनाउने र ती अधिकारको संरक्षणका लागि प्रोत्साहित गर्दछ। यो पुस्तिकामा समेटिएका सामग्री नागरिक अधिकारका क्षेत्रमा क्रियाशील समाजिक अभियन्ता र अभ्यासकर्ताका लागि उपयोगी स्रोत हुनेछ। पाठकले यस पुस्तकबाट तल उल्लेखित जानकारी प्राप्त गर्न सक्नेछन् :

- नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रबारे बुझ्न र परिभाषित गर्न
- व्यवहारमा नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्र संकुचित पार्न भइरहेका प्रयत्नबारे बुझ्न
- नागरिक समाजले नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रलाई कसरी प्रभाव गरिरहेको छ भन्ने बुझ्न
- नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको सवल र कमजोर पक्षबारे जानकारी लिन
- नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रका सवाललाई आफ्नो व्यवहारिक काममा समेट्न
- नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रमा नागरिक सक्रियताको महत्व बुझ्न
- नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रमा महिला, दलित, आदिवासी जनजाति र युवाको संलग्नता र सहभागिता बढाउने विधिबारे जानकारी लिन
- नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको निगरानी गर्न र अभ्यासका सलावमा नागरिक सक्रियता बढाउन

सिकाइ पुस्तिका तयारी विधि

यो सिकाइ पुस्तिका तयार पार्नका लागि पूर्व-प्रकाशित सामग्री, नीति, ऐन, नियम र निर्देशिकाको सैद्धान्तिक र व्यवहारिक अनुभवमा आधारित अन्तरक्रिया, छलफल, अन्तर्वार्ता, गहन अध्ययन तथा विश्लेषणजस्ता विधिको प्रयोग गरिएको छ। यो पुस्तिका गुणात्मक अध्ययन पद्धतिमा आधारित छ। यो सिकाइ पुस्तिका तयार गर्नका लागि प्राथमिक र द्वितीय स्रोतका तथ्याङ्क प्रयोग भएका छन्। ती तथ्याङ्क संकलनका लागि तीन प्रकारका विधि प्रयोग भएका छन् - पहिलो विधि- विषयवस्तुको विश्लेषण गरिएको छ। यसअन्तर्गत संविधान, ऐन, नियम, निर्देशन, कार्य योजना, रणनीति, सरकार योजना, नागरिक र लोकतान्त्रिक स्थान, रणनीति, कार्यक्रम र बजेट र अन्य सम्बन्धित नीतिको समीक्षा र विश्लेषण गरिएको छ। त्यस्तै प्रकाशित र अप्रकाशित पुस्तक, जर्नल, अनुसन्धान, लेख, नोट, पत्रपत्रिका, अनलाइन, विभिन्न प्रतिवेदन आदिको समीक्षा र विश्लेषण गरिएको छ।

दोस्रो विधि- महत्वपूर्ण विधि भनेको राष्ट्रिय कार्यशाला आयोजना गरी सरोकारवालासँग छलफल गरियो। २०७९ पौष ७ गते ललितपुरमा युवा तथा महिलाको क्षेत्रमा काम गर्ने सामाजिक संघसंस्थाका प्रतिनिधिसँग कार्यशाला आयोजना गरियो। यस कार्यशालामा लोकतन्त्र, सु-साशन, नागरिक तथा लोकतान्त्रिक अधिकार क्षेत्रबारे प्राप्त सूचना र विचारलाई जानकारी एकीकृत गरियो। कार्यक्रममा समावेशी सिद्धान्तका आधारमा महिला, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपांगता भएका व्यक्ति, सिमान्तकृत क्षेत्रकाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो। कार्यशालामा कुल ३५ जनाको सहभागिता थियो।

यसैगरी तेस्रो विधि युवा र महिला समूहसँग उनीहरुको अनुभव र भोगाई सुन्ने किसिमले सम्भावित मुख्य सूचनादाताका रुपमा अन्तर्वार्ता गरियो। बंगलादेश र थाइल्याण्डका सहभागीले लेखेर प्रश्नको उत्तर दिएका थिए भने अरुले मौखिक अन्तर्वार्ता दिएका थिए। सूचनादातासँग कुल १३ वटा अन्तर्वार्ताहरु सम्पन्न भएका थिए।

सिकाइ पुस्तिकाका लक्षित समूह

नागरिक अधिकार, लोकतन्त्र, कानुनी शासन, नागरिक र लोकतान्त्रिक अधिकारको क्षेत्रमा क्रियाशील व्यक्तिहरु यो सिकाइ पुस्तिकाका लक्षित समूह हुन्। यसबाहेक अन्य लक्षित समूह उल्लेख गरिएको छ :

- सामाजिक कार्यकर्ता
- मानव अधिकार रक्षक
- सुशासन अभियान्ता
- पर्यावरण संरक्षण अभियान्ता

- दलित अभियान्ता
- जनजाति अधिकारकर्मी
- महिला अधिकारकर्मी
- लोकतन्त्र अभ्यासकर्ता
- पत्रकार
- कानुन व्यवसायी
- नागरिक र लोकतान्त्रिक अधिकारको क्षेत्र प्रवर्द्धनमा क्रियाशील अभियान्ता
- सामान्य व्यक्ति

यो सिकाइ पुस्तिका कसका लागि ?	यो सिकाइ पुस्तिका नागरिक समाजका अभियन्ताका लागि तयार पारिएको हो । यो पुस्तिका लोकतन्त्रको सुदृढीकरण, मानवअधिकारको संरक्षण र नागरिक अधिकारका क्षेत्रमा क्रियाशील सबै व्यवसायिक व्यक्तिका लागि उपयोगी स्रोत सामग्री हो । त्यसैले नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रबारे साझा बुझाई र ज्ञान निर्माण गर्न मद्दत गर्नुका साथै नागरिक समाज र अभियान्ताको सहज पहुँचमा पुऱ्याउन यो पुस्तिका तयार पारिएको हो ।
यो सिकाइ पुस्तिका प्रयोग गर्ने तरिका	यो सिकाइ पुस्तिका एउटा स्रोत सामग्री हो, जुन नागरिक र लोकतान्त्रिक गतिविधि सम्बन्धी क्रियाकलाप गर्दा प्रयोग गर्न सकिन्छ । यस पुस्तिकामा नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रबारे मार्गनिर्देश गर्न सक्ने व्यापक विषयवस्तु समावेश गरिएको छ । यो सिकाइ पुस्तिकाका आधारमा पाठकले नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रबारे ज्ञान प्राप्त गर्नुका साथै स्थानीय सन्दर्भको मूल्याङ्कन गर्न सक्छन् । यसलाई नागरिक र लोकतान्त्रिक अधिकार का क्षेत्रलाई परिभाषित गर्ने र ती अवधारणाका साथै सिमान्तकृत युवा र महिला समूहसँग काम गर्न उपलब्ध स्रोतको दायरा बढाउने सन्दर्भमा पनि यो पुस्तिकाको प्रयोग गर्न सकिन्छ ।

अध्याय दुई
नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रबारे बुझाई

नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको परिभाषा

नागरिक अधिकार क्षेत्र

नागरिक अधिकार क्षेत्रले व्यक्ति र समूह वा अभियन्तालाई स्थानीय समुदायको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवन वा परिस्थितिमा अर्थपूर्ण सहभागिताको लागि उपयुक्त वातावरण निर्माण गर्दछ। सरकारले कानुनी र नीतिगतरुपमा नागरिकको अधिकार क्षेत्र निर्धारण गर्छ, जसमा मानिसले आफ्नो जीवनलाई असर गर्ने सवालबारे अधिकारीहरूसँग आफ्नो विचार व्यक्त गर्न, भेला हुन, संगठित हुन् र एकअर्कासँग संवाद गर्न सक्छन्। यसले मानव अधिकार रक्षक, महिला अधिकारकर्मी, बाल अधिकारकर्मी, युवा अभियन्ता, अल्पसंख्यक समुदायका सदस्य सहित नागरिक समाज र आदिवासी समूह, ट्रेड युनियन अभियन्ता र पत्रकारलाई पूर्ण स्वतन्त्रका साथ आफूलाई अभिव्यक्त गर्न र परिवर्तनलाई शान्तिपूर्ण र प्रभावकारी किसिमले प्रभावित गर्न सक्षम बनाउँछ।

नागरिक अधिकार औपचारिक र अनौपचारिक माध्यममा निर्भर गर्दछ, जसको माध्यमबाट व्यक्ति र समूहले नीति निर्माण प्रक्रियामा भूमिका खेल्न सक्छन्। तिनीहरूले निर्णय र राजनीतिक प्रक्रियामा पनि योगदान गर्न सक्छन्। नागरिक अधिकारका क्षेत्रअन्तर्गत अभिव्यक्तिको स्वतन्त्रता, सूचनामा पहुँच, शान्तिपूर्ण भेला हुन् पाउने जस्ता विषय पर्दछन् र यो कुरा दुवै क्षेत्रमा उत्तिकै लागू हुन्छ। खुला र बलियो नागरिक अधिकारका लागि खुला, सुरक्षित र भयरहित वातावरण चाहिन्छ, जहाँ कुनै प्रकारको डर, उत्पीडन र प्रतिशोध हुँदैन- चाहे त्यो अनलाइन होस् वा अफलाइन। त्यसको अधिकार क्षेत्रमा कुनै पनि प्रकारको अवरोध हुँदा अन्तर्राष्ट्रिय मानव अधिकार कानुन आकर्षित हुनपर्दछ।

नागरिक अधिकार क्षेत्र र यसको महत्वबारे विभिन्न संघसंस्थाले अध्ययन/अनुसन्धान गरिरहेका छन्। CIVICUS ले नागरिक अधिकार क्षेत्रलाई सङ्गठन बनाएर, सार्वजनिक सरोकारका विषयमा बोलेर, अनलाइन र अफलाइन भेला भएर, र सार्वजनिक निर्णयमा सहभागी भएर, व्यक्तिले समस्या समाधान गर्न र जीवन सुधार्न नागरिक अधिकारका क्षेत्रको प्रयोग गर्छन् भनेर यसको महत्वबारे व्याख्या गरेको छ। एक बलियो र संरक्षित नागरिक अधिकारका क्षेत्र जवाफदेही, उत्तरदायी लोकतान्त्रिक शासन व्यवस्था र स्थिर समाजको आधारशिला हुन्। नागरिक अधिकारको क्षेत्र भनेको नागरिक समाज र व्यक्तिलाई स्वतन्त्र रूपमा र भेदभावबिना संगठित गर्न, सहभागी हुन र सञ्चार गर्न अनुमति दिने क्षेत्र हो र त्यसले वरपरको राजनीतिक र सामाजिक संरचनालाई प्रभाव पर्दछ[१]।

नागरिक अधिकार क्षेत्र[२]

नागरिक अधिकार क्षेत्र एउटा यस्तो वातावरण हो जसले नागरिक समाजलाई आफ्नो वरपरको राजनीतिक, आर्थिक, सामाजिक जीवनमा आफ्नो भूमिका खेल्न सक्षम बनाउँछ। यसले व्यक्तिलाई उनीहरुको जीवनमा प्रभाव पार्ने नीति बनाउन योगदान गर्दछ।

- सूचनामा पहुँच बढाएर
- संवादमा संलग्न भएर
- असहमति वा फरक विचार व्यक्त गरेर, र
- सामुहिक रुपमा आफ्नो विचार व्यक्त गरेर

एक खुला र बहुलवादी नागरिक अधिकार क्षेत्रले अभिव्यक्ति स्वतन्त्रता र विचार र सभाको स्वतन्त्रताको ग्यारेन्टी गर्दछ, जुन विकास र दिगो शान्ति स्थापनाका लागि पूर्वशर्त हो।

यो सिकाइ पुस्तिकामा गरिएको नागरिक अधिकारका क्षेत्रको परिभाषा संयुक्त राष्ट्रसंघको "नागरिक अधिकार क्षेत्रसम्बन्धी मार्गदर्शन टिप्पणी"मा उल्लेख भए अनुसार रहेको छ, जसमा भनिएको छ - "नागरिक अधिकार क्षेत्र भनेको यस्तो वातावरण हो जसले व्यक्ति, समूह वा नागरिक अधिकार क्षेत्र अभियन्तालाई उनीहरुको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अर्थपूर्णरूपमा सहभागिता जनाउन सक्षम बनाउँछ। नागरिक समाजले आफूलाई पूर्ण स्वतन्त्रताका अनुसार अभिव्यक्त गर्न, शान्तिपूर्ण र प्रभावकारीरूपमा परिवर्तनलाई प्रभाव पार्न सक्ने हुनुपर्छ[३]।"

नागरिक अधिकार क्षेत्रका मुख्य सूचकहरु[४] :

- संगठित हुने स्वतन्त्रता
- शान्तिपूर्ण रुपमा भेला हुन् पाउने स्वतन्त्रता
- अभिव्यक्तिको स्वतन्त्रता
- मानव अधिकारको संरक्षण
- राजनीतिक हिंसा र आतंक
- सुरक्षा प्रदान गर्ने राज्यको दायित्व

१ https://monitor.civicus.org/whatiscivicspace/
२ www.ohchr.org/en/civic-space
३ https://www.ohchr.org/sites/default/files/Documents/Issues/CivicSpace/UN_Guidance_Note.pdf
४ https://gsdrc.org/document-library/democratic-space-in-asia-pacific-challenges-for-democratic-governance- assistance-and-deepening-civic-engagement/

लोकतान्त्रिक अधिकारका क्षेत्र

लोकतन्त्र सरकारको एउटा यस्तो रुप हो जसमा मानिसलाई सुझबुझपूर्ण कानुन बनाउने र त्यसका लागि उपयुक्त अधिकार छनौट गर्ने अधिकार हुन्छ। लोकतन्त्रका आधारस्तम्भमा संगठित हुने अधिकार, भेला हुने अधिकार, धार्मिक स्वतन्त्रता, सम्पत्तिको अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, शासित हुने सहमती, समावेशिता र समानता, मताधिकार, जीवन र स्वतन्त्रका सन्दर्भमा अनावश्यक सरकारी उपेक्षाबाट मुक्ति र अल्पसंख्यकको अधिकार आदि हुन्।

लोकतान्त्रिक अधिकारका क्षेत्र एउटा यस्तो उपयोगी सवाल हो जसले परम्परागत र नयाँ मिडियामाथिको सेन्सरसिप, पत्रकारमाथिको आक्रमण, मानव अधिकार रक्षकको गिरफ्तारीका साथै धार्मिक कट्टरताका घटना र राजनीतिक हिंसा र त्यसका प्रवृत्तिविरुद्ध कुरा बुझ्न र विश्लेषण गर्न सहयोग गर्दछ। यो शब्दले राज्य र व्यक्तिबीचको त्यस्तो क्षेत्रलाई संकेत गर्दछ जहाँ नागरिकले राज्यलाई जवाफदेही बनाउन, राजनीतिमा सहभागी हुन् आफ्ना आवश्यकता र विचार अभिव्यक्त गर्न र सार्वजनिक बहसलाई आकार दिन अन्तर्क्रिया गर्दछ। यो त्यतिबेला मात्र लोकतान्त्रिक मान्न सकिन्छ, जतिखेर त्यसले व्यक्तिगत स्वतन्त्रता, प्रतिनिधिमुलक नेतृत्व, जवाफदेही शासनप्रणाली र मानव अधिकारको सम्मान गर्छ।

लोकतन्त्रका सूचकहरु

- नागरिक अधिकार
- आर्थिक तथा सामाजिक अधिकार
- नागरिक तथा राजनीतिक सहभागिता
- राजनीतिक पार्टी
- स्वन्तन्त्र र निष्पक्ष निर्वाचन
- कानुनी शासन
- सैन्य र प्रहरी नियन्त्रण
- सरकारको जवाफदेहिता
- भ्रष्टाचार नियन्त्रण
- स्वतन्त्र मिडिया
- सरकारको उत्तरदायित्व

नागरिक समाज र नागरिक संघसंस्था

सामाजिक र मानव कल्याणको क्षेत्रमा काम गर्ने विभिन्न औपचारिक र अनौपचारिक संस्था र अन्य सामुदायिक संस्था सामाजिक संघसंस्था अन्तर्गत पर्दछन्। यी मानवअधिकारको संरक्षण र प्रवर्द्धन, जनताको नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्र र शासन प्रणालीलाई सुदृढ पार्न काम गर्ने सक्रिय व्यक्ति तथा संस्था हुन्। त्यसैगरी आमजनताको आवाज र समस्यालाई छलफल र मिडियामा ल्याउने र सरोकारवालाको ध्यानाकर्षण गराएर समाधान खोज्न सहयोग गर्ने संस्थाहरु पनि सामाजिक संघसंस्था हुन्। यी संस्थामा महिला, आमा, बालबालिका, युवा, ज्येष्ठ नागरिक, दलित, जनजाति, धार्मिक तथा व्यावसायिक संघसंस्था, श्रमिक संगठन, वकालत गर्ने समूह, गुठी[५], रोधी[६] लगायत विभिन्न सामाजिक तथा सांस्कृतिक समूह पर्दछन्।

५ देवी देवताको पूजाआजा, पर्व, जात्रा चलाउन वा मठ मन्दिर, देवस्थल आदि जस्ता धार्मिकस्थल वा अन्य सामाजिक परोपकारी र साँस्कृतिक कार्यको लागि दाताले आफ्नो हक छाडी राखी दिएको सम्पत्तिलाई गुठी भनिन्छ

६ रोधी एउटा त्यस्तो परम्परा हो जहाँ युवाहरू लोक संगीत गाउन र नाच्न एकै ठाउमा भेला हुन्छना यो नाच गुरूङ जातिमा प्रख्यात छ।

नागरिक संघसंगठनको बिस्तारित सञ्जाल हो। यसमा सामुदायिक समूह, गैरसरकारी संस्थाहरु, श्रमिक सङ्गठनहरु, अन्य पेशागत संगठन आदि पर्दछन्। यो सरकारभन्दा बाहिरका नागरिकको समूह हो। नागरिक समाज र नागरिक अभियान दुवै गैरसरकारी हुन्। यस प्रकारका समूह र अभियान कानुनी मान्यता प्राप्त गर्न गैरसरकारी संस्थाको रूपमा दर्ता भएका हुन्छन्। सबै सामाजिक संघसंस्थाको मूल विशेषता भनेको आम मानिसको आवाज उठाउने, उनीहरुका आवश्यकता र इच्छालाई प्रतिनिधित्व गरेर सरोकारवालाको ध्यान आकर्षण गरेर उनीहरुलाई प्रक्रियामा मुख्य पक्षको रुपमा सशक्त गर्नु हो।

नागरिक संलग्नता

नागरिक संलग्नता भन्नाले सर्वसाधारणको भौतिक उपस्थिति, आफ्ना विचारको अभिव्यक्ति, आफ्ना चासो र आवश्यकताको प्रस्तुति, सरकारी नीति तथा गतिविधिमा आफ्नो प्रस्तावको अभिव्यक्ती, सार्वजनिक समस्याप्रति चासो लिने र समस्या समाधानका लागि सम्भावित माध्यम खोज्ने कार्यलाई जनाउँछ। यी सबै काम लोकतान्त्रिक प्रक्रिया र संवेदनाका विधिमार्फत गरिन्छन्। त्यसैगरी आम जनतालाई व्यक्तिगत रूपमा, समूहमा वा संस्थागत रूपमा उनीहरूको सरोकारका विषयहरूको सबै चरण र प्रक्रियाहरूमा संलग्न गराउनु र उनीहरूको हितमा प्रभाव पार्नु पनि नागरिक संलग्नतालाई जनाउँछ। संयुक्त राष्ट्रसंघको बाल कोष (युनिसेफ) ले नागरिक संलग्नतालाई यसरी परिभाषित गरेको छ- **"नागरिक संलग्नता साधारणतया एक व्यक्तिगत वा सामूहिक कार्य हो जसमा व्यक्ति, समुदाय वा समाजको कल्याण वा सुधार गर्न भाग लिन्छन[७]।"**

यस परिभाषालाई हेर्दा कुनै पनि युवा, महिला वा अन्य व्यक्तिले व्यक्तिगतरूपमा वा आन्दोलनको हिस्साको रूपमा काम गर्न सक्छन्। उनीहरूले नागरिक संलग्नताको एक भागको रूपमा विभिन्न गतिविधि सञ्चालन गर्दा नागरिक संघसंस्थामा औपचारिक स्थान प्राप्त गर्न आवश्यक हुँदैन। सार्वजनिक, राजनीतिक, आर्थिक, सामाजिक, र सांस्कृतिक जीवनमा अधिकारका क्षेत्र दाबी गर्ने र लिने सबै व्यक्तिहरूको संलग्नतालाई नागरिक संलग्नता भनिन्छ।

नागरिक अधिकारका क्षेत्र र नागरिक समाज

नागरिक अधिकार क्षेत्रको मुख्य सवाल भनेको संगठित हुने स्वतन्त्रता, शान्तिपूर्ण रुपमा भेला हुने स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता, मानव अधिकारको संरक्षण, कानुन र नीति निर्माणको प्रक्रियामा संलग्न हुनु हो। यो अधिकारले समाजका प्रत्येक व्यक्तिलाई प्रभाव पार्छ। नागरिक अधिकारका क्षेत्रको मुख्य शर्त भनेको नागरिक समाज र नागरिक संघसंस्थाले आफ्नो मौलिक हकको स्वतन्त्रतापूर्वक प्रयोग गर्न पाउनु हो। **सिभिकस**[८] का अनुसार नागरिक अधिकारका क्षेत्र कुनै पनि खुला र लोकतान्त्रिक समाजको जग हो। जब नागरिक अधिकार क्षेत्र खुला हुन्छ, नागरिक र सामाजिक संघसंस्थाले कुनै अवरोधबिना आफूलाई संगठित गर्न, सहभागिता जनाउन र संवाद गर्न सक्छन्। यसो गर्दा उनीहरूले आफ्नो अधिकार दाबी गर्न सक्छन् र आफ्नो वरपरको

७ https://www.unicef.org/adolescence/participation
८ https://monitor.civicus.org/whatiscivicspace/

राजनीतिक र सामाजिक संरचनालाई प्रभाव पार्न सक्छन् । यो त्यतिबेला मात्र सम्भव हुन्छ, जब राज्यले आफ्ना नागरिकको सुरक्षा गर्ने आफ्नो कर्तव्य पूरा गर्दछ र शान्तिपूर्ण रूपमा भेला हुने र स्वतन्त्रतापूर्वक विचार अभिव्यक्त गर्ने उनीहरूको मौलिक अधिकारको सम्मान गर्दछ ।

नागरिक सक्रियताका लागि नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको महत्व

खुला नागरिक अधिकारका क्षेत्रले नागरिक समाज र अन्य बृहत पक्षलाई आफ्नो भूमिका पूरा गर्न र लोकतन्त्र, मानव अधिकार, समावेशी सहभागिता र सुशासनको खोजीमा स्वतन्त्ररूपमा काम गर्न सक्षम बनाउँछ । नागरिक स्वतन्त्ररूपमा आफूलाई अभिव्यक्त गर्न, साझा उद्देश्यका लागि समूहमा संगठित हुन र आफ्ना आवाजलाई सुनाउन भेला हुन सक्षम हुनुपर्छ, अभिव्यक्तिको स्वतन्त्रता, संगठित हुने अधिकार, शान्तिपूर्ण भेला, मानव अधिकारको संरक्षण र समावेशीकरणजस्ता सवाललाई नागरिक अधिकारका क्षेत्रको रूपमा बुझिन्छ । नागरिकसँग सरकारी नीति र कार्यक्रमलाई परिभाषित गर्ने, आकार दिने र अनुगमन गर्ने क्षमता हुनुपर्दछ, र यसो गर्दा उनीहरुको व्यक्तिगत जीवनमा अनावश्यक अड्चन आउन सक्ने कुराबाट सुरक्षित गरिनुपर्छ । सार्वजनिक सहभागिता र गोपनीयताका यी अधिकार पनि नागरिक अधिकार क्षेत्रका महत्वपूर्ण पक्ष हुन् । नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रले प्रत्येक नागरिकलाई अभिव्यक्ति स्वतन्त्रता, संघसंस्थामा संगठित हुने स्वतन्त्रता र सार्वजनिक रूपमा आफ्ना विचार व्यक्त गर्ने अवसर प्रदान गर्दछ । यसले मानव अधिकार, आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अधिकारको प्रबर्द्धन गर्न जीवन्त नागरिक समाज र नागरिक सिर्जना गर्दछ । नागरिक र लोकतान्त्रिक क्षेत्र संकुचित हुँदै जाँदा मानवअधिकार र स्वतन्त्रताको पनि हनन् हुन्छ । त्यसैले नागरिकका लागि नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्र महत्वपूर्ण छ ।

त्यसैगरी महिला र युवालाई संस्थागत रूपमा संलग्न गराउँदा मात्रै नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्र सुनिश्चित हुन सक्छ । आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपमा सिमान्तकृत महिला र यद्रवाको संस्थागत र सार्थक संलग्नताले यी समुदायका नागरिक आफ्ना अधिकारप्रति सचेत हुन्छन् । जसले समुदायमा नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको रक्षा गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको मापन

उत्तरदायी सरकारले नागरिक समाजका लागि नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्र संकुचित भए नभएको मापन गर्न जटिल प्रविधि र विधिहरु प्रयोग गरेका छन् । नागरिक अधिकारका क्षेत्रमा सरकारको हस्तक्षेपको अवस्था मापन गर्नु एउटा जटिल कार्य हो । यद्यपि धेरै संस्थाले देशको नागरिक अधिकारको क्षेत्रको अवस्था मापन गर्न केही संयन्त्र विकास गरेका छन् । यी विभिन्न संयन्त्रले नागरिक अधिकारका क्षेत्रमा समावेश विभिन्न तत्वलाई विचार गर्छन् । यसले देशको कानुनी अवस्था बुझ्न र वकालत गर्न स्रोत पनि उपलब्ध गराउँछ । त्यस्ता केही स्रोतबारे तल चर्चा गरिएको छ :

क्रस	विधि	विवरण	थप अध्ययनका लागि स्रोत
१	सिभिकस नागरिक अधिकार क्षेत्र निगरानी	CIVICUS ले नागरिक अधिकारका क्षेत्रको निगरानी र मापन गर्न संयन्त्र विकास गरेको छ। यो संयन्त्र एउटा अनलाइन विधि हो जसले अभ्यासकर्तालाई विश्वभरका नागरिक समाजले प्रदान गर्ने तत्कालका सूचना/जानकारीमा पहुँच गर्न, नागरिक समाजलाई हुने खतरा निगरानी गर्न र नागरिकका अधिकारलाई महसुश गर्ने वा चुनौती दिने तरिकाबारे जान्न अनुमति दिन्छ। यो संयन्त्र देश भित्र पनि नागरिक संघसंस्थाको वकालत गर्न उपयोगी छ। यसले लगभग विश्वभरिका १९५ देशलाई- बन्द, दमन गरिएको, अवरोध भएको, संकुचित, खुला गरी पाँच वर्गमा राखेर मूल्याङ्कन गर्दछ। यसले नागरिक स्वतन्त्रतासँग सम्बन्धित समाचार र विकासक्रमको वास्तविक समयमा निगरानी पनि गर्दछ।	https://monitor.civicus.org/
२	फ्रिडम हाउसको प्रतिवेदन	फ्रिडम हाउसले नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको अनुगमन गर्दछ। फ्रिडम हाउसको वार्षिक प्रतिवेदनले विश्वभरका राजनीतिक अधिकार र नागरिक स्वतन्त्रताको अवस्थाको मूल्याङ्कन गर्छ। यसले नागरिक स्वतन्त्रता र अधिकारको विश्लेषण गर्दछ। ती आवद्धता र संगठनात्मक अधिकारमा केन्द्रित हुन्छ।	https://freedomhouse.org/ explore-themap?type=fotn&year=2022
३	भी-डेम डाटाबेस	भि-डेम डाटाबेसले १७८९ देखि बहुआयामिक तरिकाले लोकतन्त्रको मापन गर्ने गर्छ। यसले २०१ देशहरूमा ४५० भि-डेम सूचकको तथ्याङ्क प्रयोग गरि विश्लेषण गर्दछ। भि-डेमले नागरिक र राजनीतिक अधिकारको सम्मान मापन गर्ने सूचक लगायतका सूचकको विस्तृत सेटमा धेरै उपयोगी अंक प्रदान गर्दछ। यसले ती देशमा नागरिक अधिकारको क्षेत्र कति बन्द वा जोखिममा रहेको छ भनेर पहिचान गर्न मद्दत गर्छ।	https://www.v-dem.net/data/the-v-dem-dataset/

क्रस	विधि	विवरण	थप अध्ययनका लागि स्रोत
४	विश्व बैंकका सूचक	विश्व बैंकका सुशासन सम्बन्धी सूचकहरूले नियमनकारी नीतिहरुलाई आकार दिन यस्तो विधि प्रदान गर्दछन् जसले नीति निर्माताहरुलाई सरोकारवालासँग कसरी अन्तर्क्रिया गर्ने भन्ने कुराको व्याख्या गर्छन् । यसले १८७ देशलाई समेट्छ । यसले सबै भन्दा खराबलाई शून्य र राम्रोलाई पाँच अंक प्रदान गर्दछ । यसले निश्चित देशको नीति र नियम बनाउने प्रक्रियामा नागरिक संलग्नताको अवस्थाको व्यवहारिक चित्र देखाउँछ ।	https://rulemaking.worldbank.org/en/rulemaking
५	आइसीएनएल (ICNL) को नागरिक स्वतन्त्रता निगरानी	यसले नागरिक समाज र नागरिक स्वतन्त्रतालाई असर गर्ने कानुनी मुद्दामा अद्यावधिक जानकारी प्रदान गर्दछ । यसमा अभिव्यक्ति स्वतन्त्रता, संगठित हुने अधिकार र शान्तिपूर्ण भेला पनि समावेश छ । हाल उसको प्रतिवेदनमा ८ बहुपक्षीय संस्था र ५४ देश समावेश छन् । ICNL ले विशेष रुपमा नागरिक स्वतन्त्रता सम्बन्धी कानुनी मुद्दा, नागरिक समाज गतिविधिमा भइरहेका अवरोध अवलोकन गर्दछ । यसबाहेक, बहुपक्षीय संस्थाको प्रतिवेदनले नागरिक स्वतन्त्रता र नागरिक सहभागितालाई असर गर्ने कानुनी मुद्दामा केन्द्रित भएर काम गर्दछ ।	https://www.icnl.org/resources/civic-freedom-monitor

माथि उल्लेखित तथ्याङ्क स्रोतहरू नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रका निश्चित प्रकारका सूचक मापन गर्नका लागि बढी उपयोगी छन् । CIVICUS र ICNL का तथ्याङ्कले सभा सम्मेलनमा भेला हुन् पाउने र अभिव्यक्तिको स्वतन्त्रता मापन गर्न थप उपयोगी छन् । त्यसैगरी फ्रीडम हाउस, सिभिकस मनिटरको संगठित हुने स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रता मापन गर्न पनि उपयोगी छ । CIVICUS को अनुगमनले मानव अधिकार संरक्षण पनि गर्दछ । यसबाहेक, भि-डेम र विश्व बैंक सूचकहरू राज्य-नागरिक समाज सम्बन्ध बुझ्न उपयोगी बनाउँछ ।

त्यसैगरी कतिपय अवस्थामा स्थानीय अवस्था र आवश्यकताका आधारमा यस्ता सूचक सिर्जना गर्न सकिन्छ । यसरी बनाइएको नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रका सूचकका आधारमा स्थानीय अवस्था पनि पहिचान गर्न सकिन्छ । उदाहरणका लागि यस सिकाइ पुस्तिकाको अन्त्यमा भएका प्रश्नावली लिन सकिन्छ । व्यवसायीले स्थानीय अवस्थाको सही विश्लेषण गरेर र आफै सूचकहरू सिर्जना गरेर नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको मापन गर्न सक्छन् ।

अध्याय तीन

थाइल्याण्ड, बंगलादेश र नेपालमा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र

अन्तर्राष्ट्रिय व्यवस्था

नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको संरक्षणको लागि विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, घोषणा र प्रोटोकल छन् । मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २० (१) ले प्रत्येक व्यक्तिलाई शान्तिपूर्णरूपमा सभा-सम्मेलनमा भाग लिने र संस्था स्थापना गर्ने अधिकार सुनिश्चित गरेको छ । त्यसैगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २१ (१) बमोजिम प्रत्येक व्यक्तिलाई संस्था स्थापना गर्ने र त्यसमा आवद्ध हुने अधिकार छ । राष्ट्रिय सुरक्षा, सार्वजनिक प्रावधान, सार्वजनिक नैतिक र अरूको अधिकार, स्वतन्त्रता र सम्मानमा कसैलाई पनि कुनै पनि हालतमा प्रतिबन्धित गरिने छैन भनी प्रतिज्ञापत्रले सुनिश्चित गरेको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ५ ले राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सम्बन्धित संघबारे बिस्तृत उल्लेख गरेको छ । संयुक्त राष्ट्रसंघको बडापत्र १९४५ को धारा ७१ ले गैरसरकारी संस्थाको सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक स्थितिको वैधानिकता प्रदान गरेको छ । यसबाहेक मानवअधिकार रक्षकको घोषणापत्रले संस्था स्थापना गर्ने स्वतन्त्रता सुनिश्चित गरेको छ । घोषणापत्रमा सदस्य राष्ट्रले मानवअधिकारको संरक्षण गर्नुपर्नेमा जोड दिएको छ । नागरिक समाजको रक्षा गर्ने प्रमुख ७ अन्तर्राष्ट्रिय सिद्धान्त प्रस्तुत गरिएका छन् । जसमा संघसंस्थाको स्वतन्त्रता, सरकारी हस्तक्षेपबाट मुक्त हुने अधिकार, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, शान्तिपूर्ण भेला हुने अधिकार, स्रोतसाधन खोज्ने र सुरक्षित गर्ने अधिकार र मानवअधिकारको सम्मानको संरक्षण र प्रवर्द्धन गर्ने राज्यको दायित्व आदि पर्दछन् ।

मानवअधिकारको बहुलवादको सिद्धान्तलाई अंगीकार गर्ने पेरिस सिद्धान्तले मानवअधिकारको संरक्षणका लागि विभिन्न राज्य संरचनाहरूमा सामाजिक संघसंस्थाको सहभागिता सुनिश्चित गर्नमा ध्यान केन्द्रित गरेको छ। त्यसैगरी, *अक्रा एजेन्डा फर एक्शन*ले पनि राज्य संरचनामा सामाजिक संघसंस्थाको महत्वपूर्ण सहभागितामा ध्यान केन्द्रित गरेको छ।

नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र संयुक्त राष्ट्रसंघको प्रोटोकल र संयुक्त राष्ट्रसंघको घोषणापत्रमा संघको स्वतन्त्रतालाई मौलिक अधिकारको रूपमा उल्लेख गरिएको छ। महासन्धिको धारा २२ (१) मा प्रत्येक व्यक्तिलाई संघसंस्थाको स्वतन्त्रता हुनुका साथै आफ्नो हितका लागि ट्रेड युनियन स्थापना गर्न र त्यसमा आवद्ध हुन सक्ने उल्लेख छ। महासन्धिको धारा २२ (२) ले राष्ट्रिय सुरक्षाको संरक्षण, सार्वजनिक सुरक्षा, जनस्वास्थ्य, इमान्दारिता र अन्य अधिकारको संरक्षण जस्ता लोकतान्त्रिक समाजको आवश्यकता पूरा गर्ने विषय नभएसम्म व्यक्तिलाई निषेध गर्न सकिने उल्लेख छ।

नेपाल, बंगलादेश वा थाइल्याण्डजस्ता घोषणापत्र वा महासन्धिमा हस्ताक्षर गरेका वा संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रले अन्तर्राष्ट्रिय कानुनी प्रावधान, प्रोटोकल वा महासन्धि विपरीत संविधान र कानुन बनाउन पाउँदैनन्। किनभने अन्तर्राष्ट्रिय कानुन राष्ट्रिय कानुनभन्दा अगाडि आउँछ। संविधान र राष्ट्रिय कानुनलाई अन्तर्राष्ट्रिय कानुनबमोजिम परिमार्जन गरिनुपर्छ वा राष्ट्रिय कानुनमा भएका प्रावधानको परिभाषा अन्तर्राष्ट्रिय कानुनको मर्मभित्र हुनुपर्छ। तसर्थ, यी अन्तर्राष्ट्रिय महासन्धिले नागरिक क्षेत्रको प्रबर्द्धनमा महत्वपूर्ण भूमिका खेल्छ।

नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्र : सन्दर्भ थाइल्याण्ड[९] र बंगलादेश

थाइल्याण्डमा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको स्थिति

क) शान्तिपूर्ण भेला र संघको स्वतन्त्रता

थाइल्याण्डको संविधानले शान्तिपूर्ण भेला र संगठित हुने स्वतन्त्रताको अधिकार प्रदान गर्दछ। संविधानको धारा ४४ ले शान्तिपूर्णरूपमा भेला हुने स्वतन्त्रतालाई राज्यको सुरक्षाको अधीनमा राखेको छ। धारा ४२ ले संगठित हुने अधिकारको स्वतन्त्रतालाई तोकेको छ, तर यसलाई सार्वजनिक हित, सार्वजनिक व्यवस्था, वा राम्रो नैतिकताको उद्देश्यको लागि प्रतिबन्ध गर्न सकिने व्यवस्था छ।

तर, २०१९ को निर्वाचनपछि ठूलो राजनीतिक समर्थन पाएका प्रजातन्त्र पक्षधर र प्रतिपक्ष दलहरूले शान्तिपूर्ण भेला र संघर्षमा निरन्तर चुनौतीको सामना गरिरहेका छन्।

९ यो उप-अध्याय सामाजिक संघ/संस्था लगायतले सयुंक्त रूपमा बुझाएको विश्वव्यापी अध्यावधिक प्रतिवेदनमा आधारित छ। थाइल्याण्डमा नागरिक अधिकारक्षेत्र र थाइल्याण्डको सयुंक्त राष्ट्र संघमा भएको विश्वव्यापी अध्यावधिक प्रतिवेदन। युपिआरको तेस्रो चक्र अन्तर्गत कार्य समुहको ३९औ सत्रमा छलफल भए अनुरूप।

सन् २०१५ सार्वजनिक सभा सम्मेलन सम्बन्धी ऐनले सार्वजनिक सभामा प्रतिबन्ध र हस्तक्षेप गर्ने उपाय स्थापित गरेको छ। धारा १० अन्तर्गत सार्वजनिक सभा सम्मेलन गर्न खोज्ने जो कोहीले कम्तीमा २४ घण्टा अगाडि सभाको समय, स्थान र उद्देश्य अधिकारीलाई सूचित गर्न आवश्यक छ। यस्तो सूचना प्रदान गर्न असफल भएमा त्यसलाई अपराध करार गर्दै दश हजारसम्म थाइ भाट (रु. ३७९०० नेपाली रुपैयाँ) जरिवाना हुन सक्ने प्रावधान पनि गरिएको छ। ऐनको धारा ७ र ८ अन्तर्गत शाही दरबार र निवास, राष्ट्रिय सभा, सरकारी भवन, र थाइ अदालतजस्ता स्थान नजिक सभा-सम्मेलन गर्न निषेध गरेर विरोध गर्न पाउने अधिकारलाई सिमित गरिदिएको छ। ऐन उल्लंघन गरेमा कानुनले अधिकारीलाई सभा परिमार्जन वा निषेध गर्न आयोजकलाई निर्देशन दिन सक्ने अधिकार दिएको छ। यसका साथै ऐनको धारा १५ र १६ मा आयोजक र सहभागीको दायित्वसम्बन्धी व्यवस्था गरिएको छ। यसले उत्तरदायित्व पूरा नगरेमा दण्ड सहित दशहजार भाट सम्म जरिवाना गर्न सक्ने व्यवस्था गरेको छ। अस्पष्ट रुपमा "कर्तव्य"को उल्लंघन गरेमा जेल सजाय हुने, कुनै पनि व्यक्तिलाई अनुचित असुविधा नदिनेजस्ता प्रावधान समावेश गरिएको छ।

मार्च २०२० मा, कोभिड–१९ को फैलावटको बहानामा, सरकारले संकटकाल अवस्थाको आह्वान गऱ्यो र सार्वजनिक जमघटमा प्रतिबन्ध लगायो। जुन सुरुमा एक महिनाका लागि लगाइएको संकटकाल बारम्बार लम्ब्याइयो। सरकारले अक्टोबर २०२० मा थप कडा "गम्भीर संकटकालीन अवस्था" घोषणा गऱ्यो। यसले पाँचभन्दा बढी व्यक्तिको भेलामा प्रतिबन्ध लगायो। त्यसको एक हप्तापछि यो आदेश फिर्ता गर्नु अघि कम्तिमा ८७ जना प्रदर्शनकारीलाई गिरफ्तार गऱ्यो।

ख) अभिव्यक्ति स्वतन्त्रता, सञ्चार माध्यमको स्वतन्त्रता र सूचनामा पहुँच

थाइल्याण्डको संविधानको धारा ३४ र ३६ मा अभिव्यक्ति स्वतन्त्रता र सञ्चारको स्वतन्त्रताको व्यवस्था छ। तर राज्यको सुरक्षा, अधिकार वा स्वतन्त्रताको रक्षा गर्ने उद्देश्यले त्यस्तो स्वतन्त्रतालाई प्रतिबन्ध लगाउन सक्ने व्यवस्था पनि सँगसँगै गरिएको छ। ती व्यवस्थामा व्यक्ति, सार्वजनिक सुव्यवस्था र नैतिकता कायम राख्न र नागरिकको स्वास्थ्यको सुरक्षाका लागि त्यस्ता प्रतिबन्ध हुनसक्ने प्रावधान छ। संविधानको धारा ३५ मा मिडियाको स्वतन्त्रताको ग्यारेन्टी गरिएको छ। उक्त धाराले राज्य युद्धमा रहेको समयबाहेक समाचार र विचार प्रकाशन हुनुपूर्व सेन्सरसिप नहुने व्यवस्था छ। यसैरी धारा ४१ र ५९ ले नागरिकको सूचना पहुँचको अधिकारलाई पनि स्वीकार गरेको छ। यस्ता संवैधानिक प्रावधान भए पनि शान्तिपूर्ण रुपमा अभिव्यक्ति स्वतन्त्रता र सूचनामा पहुँचको अधिकार प्रयोगमा धेरै चुनौती छन्।

संकटकालीन आदेशको धारा ९ ले सेन्सरसिपलाई अभिव्यक्ति र मिडियाको स्वतन्त्रतामाथि प्रतिबन्ध लगाउन सक्ने व्यवस्था छ किनकि "झुटा वा मानिसमा डर सिर्जना गर्न सक्ने" समाचार सम्प्रेषण गर्न निषेध गरेको छ। सरकारले प्रेसको स्वतन्त्रता हनन् गर्ने कानुनअन्तर्गत सबै मिडियाबाट

प्रकाशन/प्रसारण हुने मिडिया सामग्रीको अनुगमन गर्दछ। प्रसारण र टेलिभिजन व्यवसाय ऐनले राष्ट्रिय प्रसारण र दूरसञ्चार आयोग (NBTC) लाई भ्रामक, राजतन्त्रको अपमान गर्ने, राष्ट्रिय सुरक्षाको लागि हानी पुऱ्याउने वा सरकारको आलोचना गर्ने सामग्री प्रसारण गर्ने रेडियो वा टेलिभिजन सञ्चालनको अनुमति पत्र निलम्बन वा खारेज गर्ने अधिकार दिएको छ। त्यसैले थाइ प्रकाशन सेल्फ-सेन्सरसिपबाट गुज्रिरहेका छन्। सन् २०२० मा युवाहरुको नेतृत्वमा भएको लोकतन्त्र समर्थक आन्दोलनको क्रममा धेरै टेलिभिजन स्टेशनले राजतन्त्र विरोधी वक्ताले बोल्नु अगाडि प्रत्यक्ष प्रसारण बन्द गर्ने निर्णय गरेका थिए र प्रदर्शनकारीले राजनीतिकर्मीलाई चेतावनी दिएका सवाल मात्रै समावेश गरियो।

मिडियामाथि कडा नियन्त्रण भएका कारण थाइ जनता र समाचार प्रकाशन/प्रसारण गर्ने संस्थाहरु अभिव्यक्ति र सूचनाको अधिकार प्रयोग गर्न अनलाइन माध्यमको प्रयोग गरिरहेका छन्। यसले इन्टरनेटमा सरकारको हस्तक्षेपको सम्भावनालाई निम्त्याएको छ। सरकारी अधिकारीहरुले दमनकारी कानुनको कार्यान्वयन गर्दै लगेको हुँदा राजतन्त्र र सरकारबारे अनलाइन र अफलाइनमा आलोचनात्मक टिप्पणी गरेकै कारण कानुनी झन्झटमा फसिरहेका छन्।

राज्यद्वारा मानवअधिकार रक्षकविरुद्ध गिरफ्तार गर्ने र अभियोग लगाउने कानुन बारम्बार प्रयोग गरिएका छन्। यसले मानिसको मनमा सरकारप्रति चिसो पसेको छ।

सन् २०२० मा निरनाम नामका एकजना ट्वीटर प्रयोगकर्ताले थाइ राजाका बारेमा लेखेको आरोपमा पक्राउ परे। यो मुद्दा अहिले अदालतमा विचाराधीन छ र दोषी प्रमाणित भएको खण्डमा उनलाई ४० वर्षसम्मको सजाय हुनसक्छ। अभियन्ता कर्ण पोंफ्रापनले पनि युरोपमा राजतन्त्रको ऐतिहासिक पतन सम्बन्धि एउटा फेसबुक पोस्टलाई आफ्नो टाइमलाईनमा शेयर गरेका कारण पक्राउ गरेर कानुनी प्रक्रिया अगाडि बढाइएको छ। अहिले उनलाई जमानतमा रिहा गरिएको छ र उनी निर्णयको पर्खाइमा छन्। कोभिड-१९ नियन्त्रण गर्न सरकारले चालेको कदमको सामाजिक सञ्जालमा विरोध गरेको आरोपमा कम्तीमा २८ जनालाई कानुनी कारवाहीको प्रक्रिया अगाडि बढाइएको थियो। उदाहरणका लागि मार्च २०२० मा दनाई उसमा नामका एकजना कलाकारलाई सुवर्णभूमि अन्तर्राष्ट्रिय विमानस्थलमा कोभिड-१९परीक्षण गर्ने प्रबन्ध नमिलाएको विरोध गरेपछि प्रहरीले पक्राउ गरेको थियो।

बंगलादेश[१०] मा नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्र

सन् १९७१ मा बंगलादेश स्वतन्त्र राष्ट्रको रूपमा उदय हुँदा नागरिक समाजले देशको मुक्तिमा निर्णायक भूमिका खेलेको थियो। राष्ट्रपिताको सम्मानित राष्ट्रपति बंगबन्धु शेख मुजिबुर रहमानको १९७५ मा हत्या भए पछि देश सैन्य शासकको हातमा गयो। त्यसपछिको १५ वर्षसम्म बंगलादेश सैन्य-नोकरशाही गठबन्धनबाट शासित भयो जसले लोकतान्त्रिक संस्थालाई असफल पारिदियो।

सन् १९९० मा जनरल हुसेन एरशादको सत्ताबाट पतन भएपछि सन् १९९१ मा आम निर्वाचनमार्फत संसदीय प्रजातन्त्र पुनःस्थापना भयो। सन् १९९१ पछि पनि जनताको नागरिक अधिकार क्षेत्र

१० This sub-chapter is based on https://thesouthasiacollective.org/wp-content/uploads/2020/12/SASM2020-Bangladesh.pdf

संकुचित वा प्रतिबन्ध गर्ने प्रयत्न देखिए । बंगलादेश नेशनलिस्ट पार्टी (बीएनपी) - जमात-ए-इस्लामी गठबन्धन २००१ मा धार्मिक अल्पसंख्यकको साथ सत्तामा आएसँगै इस्लाममा आधारित राजनीतिको उदय भयो । अहिले मूलतः हिन्दू धार्मिक समुदाय हिंसाको सामना गरिरहेका छन् ।

बंगलादेशमा सन् २००४ देखि धार्मिक उग्रवादको वृद्धि भएको हो । त्यहाँ धर्मनिरपेक्ष विचार माथि बारम्बार आक्रमण भइरहेका छन् । साथै संविधानको भावना र मानवअधिकारका मापदण्डविरुद्ध जाने दमनकारी कानुन लागू भएका छन् । देशको स्वतन्त्रता आन्दोलनको पनि नेतृत्व गरेको वर्तमान सत्तारुढ दल अवामी लिग सन् २००९, २०१४ र २०१८ मा तीन पटक चुनाव जितेर सन् २००९ देखि सत्तामा छ । यद्यपि सन् २०१४ र २०१८ मा भएका निर्वाचनको विश्वसनीयता भने घटेको छ, त्यसमाथि प्रश्न उठिरहेको छ ।

सन् २००९ देखि २०१४ को अवधिमा सरकारले सूचनाको हकको संरक्षण गर्ने, राष्ट्रिय मानवअधिकार आयोगको गठन, मौलिक संवैधानिक सिद्धान्तको पुनःस्थापना लगायतका केही प्रगतिशील कानुन बनाएको थियो । यी ऐनहरू लागू भएपछि बंगलादेशमा व्यापकरूपमा उत्सव मनाइयो । यद्यपि, २०१४ पछिको वातावरण राजनीतिक तोडफोड र विनाशले आक्रान्त भएको छ- जसमा विपक्षी दलका नेताहरुलाई जबरजस्ती बेपत्ता पार्ने र त्रासको माहोल बनाउने काम भएको छ । स्वार्थ समूह र आतंककारीले सामाजिक सञ्जाल प्लेटफर्मको दुरुपयोग गर्दा विभिन्न कानुनहरु जस्तै : राष्ट्रिय प्रसारण नीति, राज्य इतरका व्यक्तिको गतिविधिको नियमन र डिजिटल सुरक्षा ऐन २०१८ बनेका छन् । यी कानुन अफबाह, आतंकवाद, अनलाइन हिंसा आदि समस्याको सम्बोधन गर्न सहज भएका छन् । यी कानुनले लैंगिक, धार्मिक तथा जातीय अल्पसंख्यक तथा शरणार्थी र श्रमिकको अधिकारलाई गम्भीर प्रभाव गरिरहेका छन् । बंगलादेशमा नागरिक समाज र मानव अधिकार रक्षकको लागि प्रतिकूल वातावरण छ । सन् २०१२ देखि २०१७ को बीचमा प्रहरीमा साइबर अपराधको आरोपमा १ हजार ४१७ मुद्दा दायर भएको मिडिया रिपोर्टमा उल्लेख छ । यी वर्षमा ढाकामा मात्रै १ हजार ४ सय ९२ जना पक्राउ परेको र ४९० वटा मुद्दा अनुसन्धानकै क्रममा रहेको देखाएका छन् ।

क) विशेषाधिकार वा व्यवस्था

बंगलादेशले स्वतन्त्र राष्ट्रको रूपमा उदय भएको नौ महिनापछि सन् १९७२ मा संविधान पारित गरेको थियो । संस्थापक राष्ट्रपति बंगबन्धु शेख मुजिबुर रहमानले धार्मिक पूर्वाग्रहबाट मुक्त स्वतन्त्र देशको परिकल्पना गरेका थिए, जसको आधारमा संविधानले 'धर्मनिरपेक्षता'लाई मार्गदर्शक सिद्धान्तको रूपमा समावेश गरेको थियो । उनको राजनीतिक दृष्टिकोणको प्रतिबिम्बको रूपमा राष्ट्रियता, धर्मनिरपेक्षता, लोकतन्त्र र समाजवादका सिद्धान्तहरूलाई संविधानका चार आधारभूत स्तम्भका रूपमा ग्रहण गरियो । संविधानको धारा १२ ले धर्मनिरपेक्षतालाई आफ्नो धर्म पालन गर्ने स्वतन्त्रता र राजनीतिक स्वार्थमा धर्मको प्रयोग नगर्ने भनि परिभाषित गरेको छ । त्यस्तै धारा ३८

ले नागरिकलाई संघ बनाउन अनुमति दिएको छ। धारा ४१ ले कानुन, सार्वजनिक व्यवस्था र नैतिकताको अधीनमा रहेको धार्मिक स्वतन्त्रताको ग्यारेन्टी गरेको छ। वि.सं. १९७५ पछि एक पटक शैन्य शासन लागू भएपछि संवैधानिक धर्मतन्त्रको विजय भयो र धार्मिक अभिव्यक्तिले संवैधानिक ढाँचामा स्थान पाउन थाल्यो।

ख) अभिव्यक्ति र प्रेस स्वतन्त्रता

बंगलादेशको संविधानको धारा ३९ ले योग्य ढङ्गले अभिव्यक्ति र प्रेसको स्वतन्त्रता सुनिश्चित गरेको छ। धारा ३९ ले यो स्वतन्त्रतालाई राज्यको सुरक्षाजस्ता विषयमा जस्तै विदेशी राज्यसँग मैत्री सम्बन्ध, सार्वजनिक व्यवस्था, शिष्टता, वा नैतिकताजस्ता सवालमा केही प्रतिबन्धात्मक व्यवस्था गरिएको छ। तर यी आधार भने अस्पष्ट छन् र यिनीहरुलाई व्याख्याको विषय बनाइएको छ। संविधानको धारा ३९ मा उल्लेख भएका आधारमा अभिव्यक्ति स्वतन्त्रतालाई सिमित गर्ने कानुन बनाउने अधिकार पनि राज्यलाई दिएको छ।

ग) अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र बंगलादेशको दायित्व

बंगलादेशले नागरिक र राजनीतिक अधिकार, अभिव्यक्ति स्वतन्त्रता, अभिव्यक्ति र विचारको अधिकारको संरक्षण गर्ने अन्तर्राष्ट्रिय सन्धिहरू जस्तै : नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता (ICCPR), सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CERD), बालबालिकाको अधिकारसम्बन्धी महासन्धि (CRC) र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (CRPD) लगायत धेरै अन्तर्राष्ट्रिय सन्धि अनुमोदन गरेको छ। विभिन्न प्रतिवेदनमा अन्तर्राष्ट्रिय मानवअधिकार निकायले नागरिक अधिकार र अभिव्यक्ति स्वतन्त्रतासँग सम्बन्धित मुद्दामा बंगलादेशको ध्यानाकर्षण गराएका छन्। उदाहरणका लागि कानुनी प्रक्रियामा भेदभाव विरोधी विधेयकले जातीय भेदभाव, समलैंगिताको अपराधीकरण, र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायमाथिको उत्पीडन र कलंकलाई सम्बोधन गर्नु ध्यानाकर्षण गराएका छन्। बंगलादेशमा गैरन्यायिक हत्या र जबरजस्ती बेपत्ताको उच्च दरबारे पनि अन्तर्राष्ट्रिय समुदायले चासो राखेको छ। यी मुद्दालाई सम्बोधन गर्ने जवाफदेहिताका सवाल अपर्याप्त छन् र तिनीहरुको सम्बोधन हुन जरुरी छ।

बंगलादेशमा नागरिक र राजनीतिक अधिकार, मौलिक मानवअधिकारको संरक्षणसँग बाझिएका कानुन र अभ्यासका कारण कटौती हुँदै गएका छन्। सशक्त प्रतिपक्षी राजनीतिक दलको अभाव, केन्द्रिकृत सरकारी शक्ति र जवाफदेहीताको अभावका कारण यो अवस्थालाई आएको हो भन्न सकिन्छ। २०१४ को राष्ट्रिय निर्वाचनपछि विपक्षी राजनीतिक दलका कार्यकर्ता, नागरिक समाज र सञ्चारमाध्यमप्रति सरकारको कारबाही झन् बढ्दै गएको छ। यसले स्वतन्त्र विचारधारा राख्ने मनिस, ब्लगर र अल्पसंख्यकलाई आतंकवादी समूहको आक्रमणबाट बचाउन पनि असफल भएको छ। देशमा ३० भन्दा बढी निजी टिभि च्यानल सञ्चालनमा आए पनि २०१८ डिजिटल

सुरक्षा कानुनअन्तर्गत कारबाही हुने डरले गर्दा सामाजिक सञ्जालमा आफ्नो अभिव्यक्ति दिन मानिसहरू त्रसित र चिन्तित देखिएका छन्। देशमा वैदेशिक सहायता घट्दै गएपछि सामाजिक संघसंस्थाहरुले अल्पसंख्यकको अधिकारको वकालत गर्नुको सट्टा 'सुरक्षित र नरम' मुद्दामा सरकारसँग मिलेर काम गरिरहेका छन्। बंगलादेशमा कहिल्यै बलियो नभएको धार्मिक अल्पसंख्यकको आवाज अहिले सबैभन्दा तल्लो तहमा छ।

नेपालमा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र

क) नेपालमा भएका संवैधानिक व्यवस्था

नेपालले अन्तर्राष्ट्रिय कानुनी प्रावधान, प्रोटोकल र महासन्धि अनुसार कानुन निर्माण गर्नुपर्छ। नेपालको संविधानको धारा ५ (३) को 'राज्य नीति' मा नेपालले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयन गर्ने उल्लेख छ। यसरी नेपाल सरकारले व्यक्तिको संगठित हुने, भेला हुने र अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई मौलिक हकको रुपमा स्वीकार गरेको छ।

त्यसैगरी संविधानको प्रस्तावनाले आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न वर्गीय, जातीय, क्षेत्रीय, धार्मिक, लैङ्गिक र जातीय आधारमा हुने सबै प्रकारका भेदभावको अन्त्य गरी समानुपातिक, समावेशी, समतामूलक समाजको निर्माण गर्ने प्रतिबद्धता जनाएको छ। त्यसैगरी नेपालको संविधानको धारा १७ (२) मा अभिव्यक्ति स्वतन्त्रता र संगठित हुन् पाउने स्वतन्त्रतालाई व्यक्तिको मौलिक हकका रूपमा समावेश गरिएको छ। नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको संरक्षणलाई समर्थन गर्ने मौलिक अधिकार निम्नानुसार छन्:

- **सम्मानपूर्वक बाँच्न पाउने हक** : नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ।
- **स्वतन्त्रताको हक** : धारा १७ अनुसार कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित गरिने छैन। त्यसैगरी विचार र अभिव्यक्तिको स्वतन्त्रता, हतियारविना शान्तिपूर्ण भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, संगठित र आवद्ध हुने स्वतन्त्रता, देशको जुनसुकै भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, पेशा गर्ने स्वतन्त्रता, कुनै पनि भागमा व्यापार वा उद्योग स्थापना गर्न पाउने स्वतन्त्रताको अधिकार समावेश छ।
- **समानताको हक** : नेपालको संविधानको धारा १८ ले समानताको हकलाई सुरक्षित गरेको छ। यस अधिकार अनुसार कुनै पनि व्यक्तिलाई कानुनी संरक्षणबाट वञ्चित गरिने छैन। त्यसैगरी कुनै पनि व्यक्तिलाई उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन। तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका

व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले बिपन्न खसआर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको नमानिने उल्लेख छ ।

- **सञ्चारको हक** : नेपालको संविधानको धारा १९ ले कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन भनी स्वीकार गरेको छ । तर, श्रममा घृणा गर्ने, जातीय छुवाछुतलाई उत्तेजित गर्ने र लैङ्गिक भेदभाव गर्ने कार्यलाई कानुन बनाउन र कार्य गर्न बाधा पुऱ्याएको मानिने छैन ।
- **छुवाछुत तथा भेदभाव विरुद्धको हक** : संविधानको धारा २४ ले छुवाछुत र भेदभाव विरुद्धको अधिकारको बारेमा बोलेको छ । यसमा समावेश अधिकार यस प्रकार छन् :
  (१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन ।
  (२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।
  (३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।
  (४) जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।
  (५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुन बमोजिम दण्डनीय हुने छन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- **शोषण विरुद्धको हक** : नेपालको संविधानको धारा २९ ले शोषण विरुद्धको हक सुनिश्चित गरेको छ । कुनै पनि व्यक्तिलाई धर्म, प्रथा, परम्परा, प्रयोग, अभ्यास वा अन्य कुनै आधारमा शोषण गरिने छैन ।
- **दलितको हक** : समानुपातिक समावेशी सिद्धान्तका आधारमा दलितलाई राज्यको कुनै पनि निकायमा सहभागी हुने हक हुनेछ । सार्वजनिक तथा रोजगारीका अन्य क्षेत्रमा दलितको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनद्वारा विशेष व्यवस्था गरिनेछ ।
- **सामाजिक न्यायको हक** : सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सिमान्तकृत, मुस्लिम, पिछडा

वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले बिपन्न खसआर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ । तर, धारा ५१ (१०) ले सामाजिक न्याय र समावेशी नीतिको १४ न. बुँदामा सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघसंस्थालाई संलग्न गराउने व्यवस्था गरिएको छ । यसले राज्यले आफ्नो इच्छामा यी संस्थालाई नियन्त्रण गर्ने अधिकार दिएको छ । संस्थाको नियमनका लागि बनेको ऐनमा पनि यो सवाल उल्लेख छ । वि.सं. २०४७ र २०६३ को संविधानका प्रावधानको तुलनामा वर्तमान संविधानका प्रावधान नियन्त्रणमुखी छन् ।

ख) कानुन र ऐन

सामाजिक संघसंस्था र नागरिक अधिकार क्षेत्रलाई प्रत्यक्ष प्रभाव पार्ने विभिन्न कानुन कार्यान्वयनमा छन् । त्यसै गरी केही कार्यविधिले पनि सामाजिक संघसंस्थालाई प्रत्यक्ष रुपमा असर गर्छ । सामाजिक संघसंस्था र नागरिक/लोकतान्त्रिक अधिकारका क्षेत्रसँग सम्बन्धित केही ऐन र निर्देशन यसप्रकार छन् :

सामाजिक संघ/संस्थासँग सम्बन्धित केही ऐनहरु	सामाजिक संघ/संस्थाहरुको नियमनको लागि समाज कल्याण परिषदद्वारा जारी निर्देशन
संघसंस्था दर्ता ऐन २०३४ सहकारी ऐन २०४८ समाज कल्याण ऐन २०४९ कम्पनी ऐन २०६३ राष्ट्रिय युवा परिषद् ऐन राष्ट्रिय महिला आयोग ऐन २०७४ जातीय भेदभाव र छुवाछुत (कसुर र सजाय) ऐन २०६८ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सूचनाको हक ऐन २०६४	वैदेशिक सहायता निर्देशिका २०७१ संघसंस्थासँग आवद्ध हुने निर्देशिका २०७१ सामान्य सम्झौता र सुविधा निर्देशिका २०७१ सामाजिक संघसंस्थाहरुको अनुगमन, पर्यवेक्षण र मूल्याङ्कन निर्देशिका २०७१ परियोजना सम्झौता निर्देशिका २०७१

संघसंस्था दर्ता ऐन २०३४ : यो ऐन नेपालमा सामाजिक संघसंस्था दर्ता गर्ने प्रमुख ऐन हो । ऐनले दर्ता नगरी संस्था सञ्चालन गर्न नपाउने व्यवस्था गर्नुका साथै दर्ता नगरी सञ्चालन गरेको पाइएमा सजाय हुने व्यवस्था पनि गरेको छ । यस ऐन बमोजिम स्थापना भएको संस्थामा महिला, दलित, जनजाति लगायतका हुन सक्ने छन् । उनीहरूले आवद्ध भएर सामूहिकरूपमा लोकतन्त्र, मानवअधिकार, सुशासन, गरिबी निवारण, दलित अधिकार, जनजाति अधिकार लगायतका मुद्दा शान्तिपूर्ण रूपमा उठाइरहेका छन् ।

- **कम्पनी ऐन २०६३** : कम्पनी ऐन अन्तर्गत नाफा कमाउने र नाफा नकमाउने दुवै कम्पनी दर्ता गर्न सकिन्छ । ऐन अनुसार नाफा बाँडफाँड नगरी कुनै पनि पेशाको प्रबर्द्धन वा विकास गर्ने वा पेशाकर्मीको संरक्षण गर्ने वा शैक्षिक वा सामाजिक उद्देश्यजस्ता विशेष उद्देश्य हासिल गर्ने कम्पनी दर्ता गर्न सकिने व्यवस्था छ । यस्ता कम्पनी कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता हुन्छन् । यस प्रकारका कम्पनी कम्तिमा पाँच व्यक्ति मिलेर स्थापना गर्न सक्छन् । यसरी दर्ता भएका कम्पनीले मानवअधिकार, दलित अधिकार, महिला अधिकार र पिछडिएका वर्ग र सामुदायिक अधिकारको रक्षाका लागि जनचेतना जगाउने, एकताबद्ध गर्ने र सामूहिक आवाज उठाउने क्षेत्रमा काम गर्दै आएका छन् ।
- **वन ऐन २०४९** : वनको व्यवस्थापन, विकास, संरक्षण र वन स्रोतको उपयोग जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्न र सामाजिक-आर्थिक विकास गर्ने वन ऐनको उद्देश्य रहेको छ । जिल्ला वन अधिकृतलाई राष्ट्रिय वनको अंश सामुदायिक वनका रुपमा उपभोक्ता समूहलाई हस्तान्तरण गर्ने अधिकार छ । यो ऐनबमोजिम मुलुकका ७७ वटै जिल्लामा २० हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूह बनेका छन् । यी समूह नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रमा नागरिक संघसंस्थाका लागि राम्रो सिकाइ हुने अवधारणा हुन सक्छ । यी उपभोक्ता समूह भेला, छलफल र आफ्नो अधिकारका लागि सामूहिक आवाज उठाउँदै आएका छन् ।
- **सहकारी ऐन २०४८** : किसान, न्यून पुँजी र आय भएका वर्ग, मजदुर, भूमिहीन र अन्य सर्वसाधारणको सामाजिक तथा आर्थिक विकासमा सहयोग आदानप्रदान गर्ने उद्देश्यले सहकारी ऐन तर्जुमा गर्ने व्यवस्था छ । हालसम्म ३५ हजारभन्दा बढी सहकारी संस्था सञ्चालनमा छन् । यी सहकारीहरू कम्तिमा २५ जनाको सहभागितामा स्थापना गर्न सकिन्छ । सहकारीले नागरिक अधिकारको संरक्षणको प्रबर्द्धन गर्ने प्रजातान्त्रिक अभ्यास गर्दै आएका छन् ।
- **समाज कल्याण ऐन २०४९** : समाजका असहाय जनताको हितमा काम गर्ने विभिन्न सामाजिक संघसंस्थाले विभिन्न सामाजिक सेवाका गतिविधिलाई विकासका गतिविधिसँग समायोजन गर्ने उद्देश्यले समाज कल्याण ऐन तर्जुमा गरिएको हो । यो ऐन अनुसार नेपालमा काम गर्न चाहने अन्तर्राष्ट्रिय संस्थाले समाज कल्याण परिषद्बाट पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था छ । त्यसैगरी स्वीकृत आयोजनालाई सम्बन्धित स्थानीय सरकारको समन्वय र सहयोगमा कार्यान्वयन गर्नुपर्छ ।
- **सूचनाको हक ऐन २०६४** : सूचनाको हक ऐनले सामाजिक संघसंस्थालाई सार्वजनिक निकायको परिभाषाभित्र समाहित गरेको छ र विभिन्न दायित्व तय गरेको छ । यस ऐनको मुख्य उद्देश्य सार्वजनिक महत्वका विषयका सूचनालाई जनताको पहुँच योग्य बनाउनु हो । ऐन अनुसार नागरिक समाजका प्रतिनिधि वा सर्वसाधारणलाई सबै प्रकारका सार्वजनिक सूचना स्रोतबाट प्राप्त गर्ने अधिकार छ ।
- **जातीय भेदभाव र छुवाछुत (कसुर र सजाय) ऐन** : प्रत्येक व्यक्तिलाई जातीय भेदभाव र छुवाछुत (कसुर र सजाय) ऐनको प्रस्तावनाले यस ऐनको उद्देश्य प्रथा, परम्परा, धर्म,

संस्कृति, रीतिथिति वा अन्य कुनै नाममा आधारित रहेको उल्लेख गरेको छ। मानवता विरुद्ध हुने छुवाछुत, बहिष्कार, प्रतिबन्ध निष्कासन, अवहेलना वा अन्य कुनै भेदभावजन्य कार्यलाई दण्डनीय बनाउने, त्यस्ता कार्यबाट पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने, राष्ट्रिय एकतालाई अक्षुण्ण राख्न र आम जनताबीचको सम्बन्धलाई सुदृढ गर्दै समतामूलक समाजको निर्माण गर्ने यो ऐनको उद्देश्य रहेको छ।

- **सामाजिक संघसंस्थाको नियमन गर्नको लागि समाज कल्याण परिषद्ले बनाएको निर्देशिका र त्यसको प्रभाव:** समाज कल्याण परिषद्ले २०७१ मा सामाजिक संघसंस्थाको नियमन गर्ने निर्देशिका अनुमोदन गरेको छ। ती निम्नानुसार छन् :
  - क) परियोजना सम्झौता निर्देशिका २०७१ को पहिलो संशोधनले स्थानीय संघसंस्थाको अनिवार्य संलग्नता हुने व्यवस्था गरेको छ र जिल्लाभित्र कुनै पनि काम गर्न सक्ने स्थानीय संस्था नभएको प्रमाणित भएमा मात्र अन्य संस्थाले गतिविधि सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। यो प्रावधानले गैरसरकारी संस्थाहरूको नागरिक तथा लोकतान्त्रिक अधिकारका क्षेत्रलाई संकुचित गरेको छ।
  - ख) वैदेशिक सहायता निर्देशिका २०७१ ले आयोजना वा कार्यक्रम पेश गर्ने संस्थाले सम्बन्धित मन्त्रालयको पूर्व स्वीकृति समावेश गर्नु पर्ने व्यवस्था गरेको छ। त्यसैगरी आयोजना तर्जुमा गर्दा कम्तीमा ६० प्रतिशत बजेट विकास निर्माणका लागि विनियोजन गर्नुपर्छ। यस्तो व्यवस्थाले आयोजनाको तयारीका क्रममा जटिलता सिर्जना गरेको छ। यस प्रकारको प्रावधानले सामाजिक संघसंस्थाको नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रलाई संकुचन गरेको छ।

नेपालमा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको आलोचनात्मक मूल्याङ्कन

नेपालमा प्रजातन्त्रको पुनःस्थापना भएको ३३ वर्ष पूरा भएको छ। तर, पञ्चायत शासनकालदेखि पारित भएको सामाजिक संघसंस्था दर्ता ऐन २०३४ र राष्ट्रिय निर्देशिका ऐन २०७९ सम्म कार्यान्वयनमा रहेको छ। यी ऐनमा संस्था दर्ता र नवीकरणको स्पष्ट व्यवस्था छ, संस्थाको नियमन र सञ्चालनको कुनै व्यवस्था छैन। संघसंस्था दर्ता ऐनको दफा ४ मा संस्था दर्ताका लागि निवेदन प्राप्त भएपछि स्थानीय पदाधिकारीले निवेदनको जाँचबुझ गरी उपयुक्त देखिएमा दर्ता प्रमाणपत्र जारी गर्ने उल्लेख छ। पञ्चायतको समयमा अधिकारीहरूले संघसंस्था सरकारप्रति वफादार छ वा छैन भनेर जाँच गरिन्थ्यो। ऐनको यो प्रावधान आज पनि कायम छ। तर मान्छेको अनुहार हेरेर संस्था दर्ता गर्ने निर्णय गर्ने चलन भने समाप्त भएको छ। २०४६ पछि पञ्चायती व्यवस्थाका केही प्रावधान कानुनमा कायम रहे पनि सामाजिक संघसंस्थाको विकास र विस्तार तीव्र गतिमा भइरहेको छ।

कानुनीरूपमा संघसंस्थाको दर्ता मूलतः जिम्मेवार सरकारी निकायको इच्छाद्वारा निर्देशित हुन्छ। जिल्ला प्रशासन कार्यालयले संस्थाको नवीकरणका लागि विभिन्न कागजात, सिफारिस र अन्य शर्त पनि राख्ने गर्दछन्।

संवैधानिक सुनिश्चितताका कारण सामाजिक संघसंस्थाको स्थापनालाई अस्वीकार गर्न सकिँदैन। तथापि, विभिन्न शर्त राखिएका कारण यी संस्थाको दर्ता र नवीकरणलाई निरुत्साहित गर्दछ। समयमै नवीकरण नहुँदा संस्था बन्द गर्ने व्यवस्था छैन। तर, जेठ ७ गते गृह मन्त्रालयले ३ वर्षभन्दा बढी नवीकरण नगरिएका संस्थाको दर्ता खारेज गर्ने सूचना जारी गरेको थियो। यो ऐनले नागरिक अधिकार क्षेत्रमाथि प्रतिबन्ध लगाएको देखिन्छ।

नेपालमा सामाजिक संघसंस्थाको नवीकरण प्रक्रिया झन्झटिलो छ। प्रशासन कार्यालयले ऐन र नियमावलीमा लेखिएका बाहेकका विभिन्न कागजात माग्छ। कानुन बमोजिम संस्था दर्ता गर्दा बुझाउनु पर्ने कागजातमा संस्थाको विधान, संस्था दर्ता गर्दा भएका तयारी बैठकका निर्णय, संस्थाको नाम, उद्देश्य, तदर्थ समितिको नाम, ठेगाना र पेशा, संस्थाको आर्थिक स्रोत र कार्यालयको ठेगाना सम्बन्धी जानकारी उल्लेख गर्नुपर्दछ। तर जिल्ला प्रशासन कार्यालयले स्थानीय निकाय र प्रहरीको सिफारिस पनि खोज्छ। ऐनले संस्थाको नवीकरण गर्दा चाहिने कागजातका बारेमा पनि केही बोलेको छैन। नियमनले कार्य समितिका सदस्यको नाम नवीकरणको निवेदनसँगै बुझाउनु पर्ने प्रावधान छ। सन् २०१९ देखि जिल्ला प्रशासन कार्यालयले प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन, वार्षिक साधारण सभाका निर्णय, संस्था नवीकरण गरेको प्रमाण र स्थानीय तहको सिफारिस आदि पनि खोजिरहेका हुन्छन्। तलको तालिकाले यसलाई थप प्रष्ट पार्दछ:

संस्था नवीकरण प्रक्रिया	• परियोजनासँग सम्बन्धित संस्थाबाट सिफारिस सम्बन्धित स्थानीय तहबाट सिफारिस। • कर चुक्ता प्रमाणपत्र। • दर्ता प्रमाणपत्रको प्रतिलिपि • वार्षिक प्रगति प्रतिवेदन • कागजात सहित जिल्ला समन्वय समितिमा निवेदन दिई सके पछि जिल्ला प्रशासन कार्यालयमा नवीकरणको लागि सिफारिस प्राप्त गर्न सकिन्छ • साधारण सभाले संस्था नवीकरण गर्न गरेको निर्णय • लेखा परीक्षकको नवीकरणको प्रमाणपत्र। • संस्था नवीकरणका लागि अधिकार प्रत्यायोजन गरको पत्र	दर्ता प्रमाणपत्र जिल्ला प्रशासन कार्यालयद्वारा जारी गरिन्छ।

कुनै पनि संस्थाले वैदेशिक सहायतामा परियोजना सञ्चालन गर्दै आएकोमा संस्थाले कुनै पनि किसिमको गतिविधि सञ्चालन गर्न स्थानीय तहबाट पूर्व स्वीकृति लिनुपर्छ। आयोजना सम्पन्न

भएमा र आयोजना सञ्चालनमा रहेको अवस्थामा स्थलगत अनुगमन प्रतिवेदन वा स्थानीय तहको सिफारिस पनि नवीकरण निवेदनसहित पेश गर्नुपर्छ। त्यसैगरी आयोजना सञ्चालनका लागि समाज कल्याण परिषद्को स्वीकृति पत्र र आयोजना सम्पन्न भएपछि परिषद्बाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्छ। समूह केन्द्रित छलफलमा अधिकांश सहभागीले कागजात बिना संस्थाको नवीकरण सम्भव नहुने बताएका थिए। ती कागजात सङ्कलन गर्न पनि उत्तिकै गाह्रो रहेको र बिगतमा नभएका यस्ता कठोर प्रावधान पछिल्लो समयमा थपिएका हुन्।

युवा क्लब को योगदान

कालिकोट जिल्लाको खाँडचक्र नगरपालिका वडा नं १ मा स्थानीय युवाले समाज सुधार युवा क्लब गठन गरेका छन्। युवाहरू संस्थागतरूपमा क्लबमार्फत स्थानीय विकास र योजनाको प्रक्रियामा नागरिक सहभागिता बढाउन काम गरिरहेका छन्। नगरपालिकाले नियमित छलफल र अन्तर्क्रिया कार्यक्रम आयोजना गरी युवाहरुलाई सुशासन प्रक्रियामा संलग्न गराइएको छ। साथै वडा कार्यालयले क्लबलाई आर्थिक वर्ष २०२२/२०२३ को नीति तथा कार्यक्रमका लागि योजना छनोट गर्ने जिम्मेवारी दिएको छ। वडामा रहेका युवा र दलितको समस्या समाधानका लागि कस्तो कार्यक्रम सञ्चालन गर्ने भन्ने प्रश्नमा बस्तीस्तरमा छलफल कार्यक्रम भएका छन्। यस्तै छलफलका आधारमा खाँडचक्र नगरपालिकाको वडा नम्बर १ लाई जातीय विभेद अन्त्य भएको वडा घोषणा गर्ने अभियान सुरु भएको छ। यस प्रक्रियामा क्लबले आफ्नो नियमित बैठक आयोजना गर्ने, वार्षिक कार्य योजना तयार गर्ने र समन्वय र सहकार्य गरेर सामाजिक रूपान्तरण र विकासको लागि गाउँ र वडास्तरमा सक्रियरूपमा काम गरिरहेको छ। आगामी दिनमा युवाका प्रश्नलाई ध्यानमा राखी सामाजिक समानता र विकासका लागि काम गर्ने लक्ष्य रहेको छ।

नेपालमा संघीय प्रणाली लागू भएपछि स्थानीय सरकार सञ्चालन ऐनमा संशोधन गरी स्थानीय तहमा पनि संस्था दर्ता र नवीकरण गर्ने व्यवस्था गरिएको छ। साथै, प्रदेश सरकार नागरिक संघसंस्थाको सञ्चालन र नियमनका लागि नयाँ कानुनी व्यवस्था गर्न सक्रिय छन्। यो प्रक्रियालाई हेर्दा संघसंस्था दर्ता र नवीकरण प्रक्रिया आगामी दिनमा झनै जटिल हुने देखिन्छ।

राजस्व कार्यालयले २०७३/०७४ सम्म कर छुटको प्रमाणपत्र उपलब्ध गराउने र संघसंस्था नवीकरण गर्दै आएको थियो। तर, पछिल्लो समय कार्यालयले कर छुटको प्रमाणपत्र दिन अस्वीकार गर्दै आएको छ। यसअघि कर छुट पाएका धेरै संस्थाले नाफा कमाउने कम्पनीले जस्तै कर तिरिरहेका छन्।

अध्याय चार
नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको संकुचन

"यदि नागरिक समाजलाई संलग्न गराउने अधिकार क्षेत्र छ भने त्यहाँ नागरिकका सबै अधिकार अझ राम्रोसँग सुरक्षित हुने सम्भावना बढी छ। यसको विपरित नागरिक समाजको स्थान खुम्चिनु र नागरिक समाजका अभियन्ताविरुद्ध धम्की र प्रतिशोध आदि अस्थिरताको प्रारम्भिक चेतावनीका संकेत हुन्। अहिले विभिन्न विचार दिने वा वैधानिकरुपमा आफ्नो अधिकारको दाबी गर्ने व्यक्तिलाई अवैध बनाउने, बहिस्करण गर्ने र दमन गर्ने नीति बन्दै गइरहेका छन् यसले नागरिकमा निराशा बढाउने र अस्थिरता वा द्वन्द्व पनि निम्त्याउन सक्ने सम्भावना छ।"

मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्त

नागरिक अधिकार क्षेत्र बन्द गर्ने प्रयत्न

नागरिक अधिकारका क्षेत्र धेरै किसिमले बन्द हुँदै गइरहेका छन्। यसले मानव अधिकार रक्षक, सञ्चारमाध्यम, विश्वासमा आधारित समूह, व्यावसायिक गैरसरकारी संस्था र ट्रेड युनियन लगायतको दायरालाई व्यापकरुपमा असर परिरहेको छ। नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्र संकुचनका मुख्य चालक प्रत्यक्षरुपमा शक्ति सम्बन्धसँग जोडिएका हुन्छन्। सत्ताबाट फाइदा लिइरहेकालाई प्राप्त स्वार्थ गुम्न सक्ने त्रास छ। CIVICUS को २०२० को प्रतिवेदनअनुसार विश्वको जनसंख्याको ८७ प्रतिशत मानिसको त्यस्तो देशमा बसिरहेका छन् जहाँ उनीहरुको अधिकारका क्षेत्र कि त बन्द छन् वा दमित वा अवरोध सिर्जनागरिएको छन्।

नागरिक अधिकारको क्षेत्रमा सक्रिय संस्था आइसीएनएलको २०१२ देखि २०१५ सम्म तीनवर्षको वार्षिक प्रतिवेदन अनुसार विश्वका ६० देशले १२० वटा नागरिक समाजलाई प्रतिबन्ध गर्ने कानुन अवलम्बन गरेका छन्। त्यस्ता १२० वटा कानुन मध्ये २० प्रतिशत कानुन स्वतन्त्ररुपमा सभा-सम्मेलन गर्न पाउने हकका विरुद्धमा छन्।

विगत १० वर्षमा बढ्दो संख्यामा सरकारले नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रलाई प्रतिबन्ध वा अवरोध गर्ने नयाँ कानुन र अभ्यास भएका छन् । यी नीति र अभ्यासले मानिसको संगठित हुने, सहभागिता जनाउने र स्वतन्त्ररूपमा बिना भेदभाव सञ्चार गर्न प्रतिबन्धित गरेको छ । यी अवरोध फरक फरक रुप र प्रभावमा प्रकट भए पनि मूलत : ती कानुन औपचारिक सामाजिक संघसंस्था लक्षित गरेका हुन्छन् । नागरिक समाज कुनै छुट्टै ठाउँमा हुँदैन, त्यो पनि लोकतान्त्रिक प्रणाली र समाजको अभिन्न अंग हो । यसकारण विश्वभरका सरकारको अहिलेको प्रयास नागरिक समाजको स्थान 'संकुचित' गर्ने वा नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रलाई अत्यन्त निम्नस्तरमा राख्ने भन्नेमा केन्द्रित छ ।

धेरै देशका सरकारले नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रलाई संकुचित गर्ने रणनीति र विधि अपनाइरहेका छन् । उदाहरणका लागि इथियोपिया सरकारले २००९ मा सामाजिक संघसंस्थामाथि विभिन्न प्रतिबन्ध लगाउँदै उनीहरुका गतिविधिमाथि कडा निगरानी राख्ने व्यवस्था लागू गरेको थियो । यसले नागरिक समाज र मानवअधिकार, सुशासन र लोकतन्त्रसँग सम्बन्धित मुद्दामा काम गर्ने संस्थामाथि ठूलो प्रभाव पारेको थियो । यस अवधिमा धेरै सामाजिक संघसंस्था र अभियन्ता बेपत्ता पारिएका थिए । यस्तो अवस्थालाई नै नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको संकुचनका रूपमा लिइन्छ । नागरिक अभियन्ता र त्यसका अभ्यासकर्ताले नागरिक अधिकार क्षेत्र बन्द हुँदा त्यसले कसरी सामाजिक संघसंस्थाको परिचालन र प्रभावकारितालाई सिमित पार्छ, तिनीहरूको भौगोलिक पहुँचमा बाधा पुर्याउछ र मानव अधिकार रक्षकहरुका लागि कसरी सुरक्षा जोखिम बढाउँछ भनेर प्रकाश पारेका छन् । सरकारले नागरिक अधिकार क्षेत्रलाई प्रत्यक्ष र अप्रत्यक्ष तरिका अपनाएर धेरै किसिमले बन्द गर्न सक्छ ।

संगठित हुने स्वतन्त्रता

सरकारहरू र कट्टरपन्थीहरूले विभिन्न रूप र माध्यममा जनताको संगठित हुने स्वतन्त्रतालाई प्रतिबन्ध लगाउँछन् । नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रलाई संकुचित गर्छन् । सरकारले धेरै एसियाली देशमा गैरसरकारी संस्थाको सञ्चालनलाई नियन्त्रण र सिमित गर्न कानुन बनाउँछ । प्रतिबन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाको पुनः दर्ता, कर सम्बन्धी नियम, प्राप्त वैदेशिक सहायता अनुमोदनमा नियन्त्रण, गैरसरकारी संस्था दर्ता गर्नु अघि स्थानीय अधिकारीबाट अनिवार्य समझदारीपत्रको आवश्यकता, निश्चित स्थानीय तहमा मात्र काम गर्न पाउने जस्ता कानुनी व्यवस्था गरिरहेका छन् । चरम अवस्थामा सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई सुशासन, कानुनको शासन, मानव र नागरिक अधिकारमा काम गर्न प्रतिबन्ध लगाएको देखिन्छ । धेरैजसो नागरिक समाज र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई निर्देशिका जारी गरेर काम गर्न प्रतिबन्ध लगाउने गरिएको छ ।

धेरै देशमा नागरिकको संगठित हुने स्वतन्त्रतालाई कानुन र नियमद्वारा सुनिश्चित गरिएका छन् । तर तिनै देशमा सामाजिक संघसंस्था विरुद्ध विभिन्न समस्या उत्पन्न गराइएका छन् जस्तैः झन्झटिलो दर्ता प्रक्रिया, निरंकुशता, अधिकारकर्मीलाई नियन्त्रण गर्ने र जेल हाल्ने, निगरानी र मानहानी गर्ने प्रयत्नहरु भइरहेका छन् । केही देशमा सामाजिक संघसंस्थालाई पश्चिमाको एजेण्टको आरोप लगाइन्छ । समूहगत छलफलमा उपस्थित अधिकांश सहभागीले यो आरोप लगाएको कुरा उठाएका थिए भने यही बहानामा सामाजिक संघसंस्थाका अभियान्तामाथि अवरोध सिर्जना हुँदै आएको बताएका थिए ।

नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रअन्तर्गत संगठित हुने स्वतन्त्रता पर्छ, जसअन्तर्गत दुई किसिमले संकुचन हुने गरेका छन् । एउटा दर्ता प्रक्रिया नै हो, जुन कानुनी र नियामक प्रक्रियामार्फत हुन्छ । उदाहरणका लागि नेपालमा कुनै पनि प्रकारको संस्था दर्ता गर्न प्रहरीको सिफारिस अनिवार्य छ । संस्था नवीकरणका लागि पनि आयोजना वा कार्यक्रम कार्यान्वयन भएका प्रत्येक नगरपालिकाबाट सिफारिस आवश्यक हुन्छ । दोस्रो वैदेशिक सहायतामाथि प्रतिबन्ध लगाएर गरिन्छ । हाल स्थानीय सामाजिक संघसंस्था र समुदायलाई सिधै सहयोग गर्न प्रतिबन्ध गरिन्छ । साथै कुनै पनि संस्थाले वैदेशिक सहायता लिनका लागि समाज कल्याण परिषद्बाट स्वीकृत लिनु पर्ने हुन्छ, जुन आफैंमा जटिल र लामो प्रक्रिया हो । धेरै कानुनले कार्यक्रम लागतलाई प्रशासनिक लागतको रूपमा परिभाषित गर्छ । उदाहरणका लागि अनुगमन र मूल्याङ्कन, अनुसन्धान, प्रकाशन, स्थानीय कर्मचारीको तलब र सुविधा, कर्मचारीको क्षमता अभिवृद्धि, साझेदार र स्थानीय सरकारका प्रतिनिधि र नीति वकालत आदि यस अन्तर्गत राखिने गरेको छ । यी कानुनी प्रावधानले नागरिक र लोकतान्त्रिक अधिकारको क्षेत्रलाई संकुचित पार्दै लगिरहेको छ ।

कोभिड-१९ को महामारीमा सभा-सम्मेलन गर्न पाउने अधिकारको स्वतन्त्रतामा हस्तक्षेप

सरकारले कोभिड-१९ को महामारीका बेला सार्वजनिक स्थलमा २५ जनाभन्दा बढी भेला हुन निषेध गरेको थियो । कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसी)को पुस २५ गते बसेको बैठकले यस्तो निर्णय गरेको हो भने कुनै पनि राजनीतिक, प्रशासनिक तथा सामाजिक कार्यक्रममा भीडभाड गर्न निषेध गरिएको थियो । साथै नियमित कार्यक्रम सञ्चालनका लागि स्थानीय प्रशासनले स्वीकृति दिएको हुनुपर्ने व्यवस्था थियो । सीसीएमसीले यस नियमलाई कडाइका साथ अनुगमन गर्न गृह मन्त्रालयलाई निर्देशन दिएको थियो ।

धेरै सामाजिक संघसंस्थाले समाज कल्याण परिषद्बाट स्वीकृति प्राप्त गर्न कठिनाईको सामना गरिरहेका छन् । धेरै अवस्थामा स्थानीय सरकार र प्रशासनले सामाजिक संघसंस्थाको लागि कानुनी र नियामक प्रतिबन्ध सिर्जना गरिरहेका छन् । दर्ताको लागि प्रहरीको सिफारिस चाहिन्छ ।

संघसंस्थाको नवीकरण प्रक्रिया पनि उत्तिकै जटिल छ । सरकारले स्पष्ट वा अस्पष्टरूपमा सामाजिक संघसंस्थालाई सुशासन, मानव अधिकार, र नीति वकालतमा काम गर्नबाट निरुत्साहित गर्दछ । गैरसरकारी संस्था ऐनले दुवै स्थानीय तहको अनुगमन समितिबाट स्वीकृति नलिई गैरसरकारी संस्थालाई देशको कुनै पनि भागमा गतिविधि गर्न निषेध गरेको छ ।

जब हामी विश्वभरका उदाहरण अध्ययन गर्दा के देखिन्छ भने सरकारले संगठित हुने स्वतन्त्रतालाई प्रतिबन्ध लगाएर नागरिक अधिकारको क्षेत्र बन्द गर्न खोजिरहेका हुन्छन् । यस्तो अत्यधिक हस्तक्षेप, ढिलाई, वा गैर-व्यावसायिक संस्थाको गठनसँग सम्बन्धित लागतको रुपमा देखिन सक्छ । विभिन्न देशले संगठित हुने स्वतन्त्रताविरुद्ध प्रतिबन्ध सिर्जना गर्न निम्न प्रक्रिया अपनाउने गरेको पाइन्छ :

- कानुनी हैसियत प्राप्त गर्न र सार्वजनिक जीवनमा प्रवेश गर्नको लागि सामाजिक संघसंस्थालाई अवरोध सिर्जना गर्ने
- सुपरिवेक्षण, कानुन कार्यान्वयन र प्रतिवेदनका सन्दर्भमा सामाजिक संघसंस्थासँग माग गर्ने
- सामाजिक संघसंस्थाको सञ्चालनमा सशक्त हस्तक्षेप जस्तैः सुशासन, संरचना र गतिविधिका क्षेत्रमा अवरोध पुऱ्याउने
- सामाजिक संघ/संस्थाको स्रोतमा पहुँच (कोष संकलन, वैदेशिक सहायता प्राप्त र आयकर लगाउने सम्बन्धमा) विभिन्न अवरोध र रोकावट गर्ने
- सामाजिक संघसंस्थालाई विदेशी दलाल भएको आरोप लगाउने

दिलीप महतो : गैरसरकारी क्षेत्रको हस्तक्षेप

मिथिला नगरपालिका-५ श्रीपुर धनुषाका २४ वर्षीय दिलीप महतो वातावरण संरक्षण अभियानका अभियान्ता थिए । उनले आफ्नो गाउँमा नदीजन्य पदार्थको अवैध दोहनविरुद्ध सक्रिय अभियान चलाए । उनको गाउँकै औरही खोलाबाट अवैधरुपमा अत्यधिक नदीजन्य पदार्थ उत्खनन भइरहेको थियो । यो शोषण रोक्न उनी लामो समयदेखि सक्रिय थिए । २०७६ पौष २५ गते तस्करले दिलिपको ट्रिपरले कुटेर हत्या गरिएको थियो । क्रसर व्यवसायी विपिन महतोले घटनाको ३ दिनअघि दिलीपलाई ज्यान मार्ने धम्की दिएका थिए । वातावरण दोहनविरुद्ध अभियान चलाउने दिलिपको हत्या भएपछि देशभरका वातावरण संरक्षण अभियन्ता र नागरिक समाजले विरोध गरेका थिए । राष्ट्रिय मानवअधिकार आयोगले २०७६ पुस २७ गते यस घटनाबारे एक विज्ञप्ति जारी गर्दै दिलिप हत्या प्रकरण जघन्य कार्य भएको भन्दै निष्पक्ष अनुसन्धान गर्न सरकारलाई निर्देशन दिएको थियो । नेपाल सरकारले उक्त घटनाको विस्तृत अध्ययन गरी जिल्ला अदालत धनुषामा मुद्दा दायर गरेको थियो । घटनामा संलग्न ६ जनामध्ये तीनजना दोषी प्रमाणित भई २०७६ फागुन २ गते जेल चलान भएका थिए भने तीन जना धरौटीसहित रिहा भएका थिए ।

सार्वजनिक रुपमा सभा-सम्मेलन गर्न पाउने स्वतन्त्रता

राज्य र गैरराज्य पक्षले नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रलाई संकुचित गर्न सार्वजनिक रुपमा सभा-सम्मेलन गर्न पाउने स्वतन्त्रताको अधिकारमाथि आक्रमण गर्छन्। विश्वका धेरै देशहरूमा भेला हुने स्वतन्त्रतामाथि कि त आक्रमण भइरहेको छ कि त्यो अधिकारलाई अस्वीकार गरिएको छ। अत्याधिक बल प्रयोग गरेर शान्तिपूर्ण प्रदर्शनलाई तितरबितर पार्दा आन्दोलनकारीलाई गिरफ्तार गरिएको, मारिएको, यातना दिएको वा हिरासतमा राखिएको छ। बंगलादेश ICCPR (१९६६) को पक्ष राष्ट्र हो। यसको धारा २१ ले शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको सन्दर्भमा 'शान्तिपूर्ण भेलाको अधिकारलाई मान्यता दिइने, यस अधिकारको प्रयोग गर्दा कानुन अनुरुप लगाइएको र राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकता वा अरूको अधिकार र स्वतन्त्रताको संरक्षणको हितमा लोकतान्त्रिक समाजमा आवश्यक पर्ने अधिकारको प्रयोगमा बाहेक कुनै प्रतिबन्ध लगाउन नपाइने उल्लेख गरिएको छ[११]।

बंगलादेशको संविधानको धारा ३७ मा पनि 'प्रत्येक नागरिकलाई सार्वजनिक व्यवस्था वा स्वास्थ्यको हितमा कानुनले लगाएको कुनै पनि उचित प्रतिबन्धको अधीनमा रही शान्तिपूर्ण र हतियारबिना सार्वजनिक सभा र जुलुसमा भाग लिन पाउने हक हुने व्यवस्था छ। यस्तो संवैधानिक व्यवस्था भए पनि उसले नागरिकको भेला हुने स्वतन्त्रताको अधिकारलाई कुण्ठित गर्दै आएको छ। फरक विचार राखेर शान्तिपूर्ण भेलामा प्रतिबन्ध लगाउने काम कानुन कार्यान्वयन गर्ने निकायले नियमितरुपमा गर्दै आइरहेको छ। २०२० मा कम्तिमा १७ पटक ढाका महानगरपालिकाको प्रहरीले १७ ओटा बैठक अवरुद्ध गऱ्यो। कतिपय अवस्थामा बल समेत प्रयोग गरेको थियो। डिसेम्बर २, २०२१ देखि प्रहरी अधिकारीले अनुमति बिना ऱ्याली निकाल्न प्रतिबन्ध लगायो र २०२१ को पहिलो दुई महिनामा अधिकारीहरूले १८६० फौजदारी प्रक्रिया संहिताअन्तर्गत धारा १४४ घोषणा गरेपछि तयारी गरिएका दुई ठूला ऱ्याली निकाल्न सम्भव भएन।

तय गरिएका धेरैओटा बैठक समेत आयोजना हुन सकेनन् भने कतिपय बैठकका लागि संस्थाहरुले पूर्वस्वीकृति लिनु पर्थ्यो। त्यसैगरी कतिपय अवस्थामा प्रशासनले नियोजित शान्तिपूर्ण प्रदर्शनमा प्रतिबन्ध लगाएको थियो।

सरकारले भेला हुने स्वतन्त्रतामा प्रतिबन्ध लगाएर नागरिक अधिकारको क्षेत्र बन्द गर्न खोज्न सक्छ। यस्तो अवस्थामा नागरिकको एकीकृत भएर आफ्ना विचार अभिव्यक्त गर्ने, सरकारको त्यस्तो प्रयत्न विरुद्ध नागरिक अधिकारको रक्षा र प्रवर्द्धन र बचाऊ गर्न हस्तक्षेप गर्नुपर्छ। विश्वभरका सरकारले भेला हुने स्वतन्त्रतामा प्रतिबन्ध लगाएको घटनाको विश्लेषण गर्दा निम्न माध्यम लागू भएको देखिन्छ :

- शान्तिपूर्ण आन्दोलनमा प्रहरी हिंसाका घटना।
- सभा सम्मेलनलाई गैरराज्य कट्टरपन्थी वा अतिवादी समूहद्वारा गरिएको हिंसाबाट जोगाउन असफल।

११ https://ccprcentre.org/simple-guide/pages/article-21.html

- सम्मेलनमा सहभागी हुनेको सिमित संख्या तोकेर प्रतिबन्ध लगाउने ।
- सम्मेलनको लागि अनुमति दिन प्रतिबन्धात्मक व्यवस्था गर्ने ।
- अनुमति नभएको सभा सम्मेलनमा अत्यधिक प्रतिक्रिया जनाउने ।

अभिव्यक्ति स्वतन्त्रता

बंगलादेश, थाइल्याण्ड र नेपालका सरकारहरूले अभिव्यक्ति स्वतन्त्रता, विद्युतीय अपराध, साइबर अपराध, सूचनामा पहुँच र सञ्चार प्रविधि, सूचनामा पहुँच र गोपनियता, मिडिया र समाचारपत्र सम्बन्धमा आवश्यक कानुन बनाएका छन् । यी कानुन सूचनामा पहुँच प्रतिबन्ध गर्न, न्यायिक र कानुनी दमनका लागि उपयोग गर्न, मानव अधिकार रक्षक, पत्रकार र नागरिक अभियन्तालाई दमन गर्न प्रयोग भएका छन् । सन् १९९६ देखि नेपालमा माओवादी सशस्त्र विद्रोह हुँदा पत्रकारमाथि व्यापक आक्रमण भएको थियो । राज्य र गैरराज्य दुवै पक्षबाट स्वतन्त्र पत्रकारलाई धम्की दिने र आक्रमण गर्नेजस्ता गतिविधि गरेर सरकार र विद्रोही दुवै पक्षले अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध लगाएका थिए ।

सरकारले अभिव्यक्ति स्वतन्त्रतालाई नजरअन्दाज गरेर नागरिक अधिकारका क्षेत्रलाई थप अवरोध गर्न सक्छन् । यसमा मानिसको विचार व्यक्त गर्ने र अरुसँग आफ्ना विचार साटासाट गर्ने क्षमतामाथि हस्तक्षेप हुन सक्छ । कानुनद्वारा सूचनाको हक, सार्वजनिक सूचनामा पहुँच र अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चित भएका देशमा पनि व्यवहारमा पत्रकारलाई दमन गर्ने र राज्य तथा गैरराज्य पक्षबाट सामाजिक संघसंस्थाको नकारात्मक सवाललाई बढवा दिन सार्वजनिक सञ्चारमाध्यमको प्रयोग व्याप्त छ । उदाहरणका लागि बंगलादेशमा २०१७ मा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी ३३५ वटा उल्लङ्घनका घटना भएका थिए । ७० प्रतिशतभन्दा बढी उल्लङ्घन हुँदा राज्य स्थानीय तहमा काम गर्ने पत्रकारविरुद्ध थिए । पछिल्लो समय बंगलादेशमा[१२] अभिव्यक्तिलाई अपराधीकरण र अभिव्यक्तिमा प्रतिबन्ध लगाउन कानुनको प्रयोग बढ्दै गएको छ ।

सूचनाको हकसम्बन्धी कानुन भएका सबै देशमा पनि मानवअधिकार रक्षक र सामाजिक अभियन्तालाई सार्वजनिक सूचनामा पहुँच गर्न गाह्रो छ । विभिन्न देशले निम्न तरिका अपनाएर अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध लगाउने गरेको देखिन्छ :

- आम सञ्चारमाध्यम माथि सेन्सरसिप ।
- अनलाइन हिंसा जस्तै : राजनीतिक सामग्री रोक्ने, जासूसी र निगरानी गर्ने आदि ।
- अनलाइन सञ्जाल बन्द गर्ने, ठूलाठूला राजनीतिक आन्दोलन, विवाद र विरोधका बेला इन्टरनेट वा विभिन्न सामाजिक सञ्जालका प्लेटफर्म बन्द गर्ने ।
- सरकार, र अन्य संस्था र समूहविरुद्ध बोल्न प्रतिबन्ध लगाउने ।
- मानहानी र निन्दासँग सम्बन्धित कानुनको अत्यधिक असन्तुलन बढाउने साथै उच्च आर्थिक दण्डको व्यवस्था गर्ने ।

१२ https://www.article19.org/resources/bangladesh-violations-right-freedom-expression-2017/

हास्य कलाकार अपूर्व सिंह

हास्यकलाकार अपूर्व सिंहले आफ्नो युटुयुब च्यानल कमेडी क्याफेमा नेवार परम्पराको बारेमा एउटा कमेडी भिडियो पोस्ट गरेका थिए । नेवार समुदायको भाषा, परम्परा, खानपानलाई लिएर उनको खिल्ली उडाएको भन्दै नेवार समुदायले आपत्ति जनाए । कमेडीको बहस भएपछि उनले भिडियो हटाए । तर, २०७९ भाद्र १२ गते उनलाई नेपाल प्रहरीले पक्राउ गरेको थियो । सिंहलाई पक्राउ गर्दा नेवारी समुदायको आस्थामा चोट पुऱ्याएको आरोप लागेको थियो । प्रहरीले उनलाई १२ दिन हिरासतमा राखेको थियो । पछि, उनी कोभिड-१९ बाट संक्रमित भए र त्यसपछि रिहा भए । तर कार्तिक ३ गते फेरि पक्राउ परे र २ लाख ५० हजार धरौटी बुझाएर रिहा भए । दोषी प्रमाणित भएपछि पनि एकलाख तिर्नु परेको थियो । तर, उनले २ लाख ५० हजार रुपैयाँ तिर्नु पर्ने भयो । यो नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्र बन्द गर्ने प्रयासको एक उदाहरण हो ।

अभिव्यक्ति स्वतन्त्रता

फ्रिडम फोरमले गरेको अध्ययन अनुसार माओवादी द्वन्द्वकालमा २०५२ फागुनदेखि २०७८ सम्म २३ पत्रकार मारिएका थिए भने ५ पत्रकार बेपत्ता भएका थिए ।

मानव अधिकार संरक्षण

विश्वभरका देशहरूले मानवअधिकार उल्लङ्घन गरेर नागरिक अधिकारका क्षेत्रलाई संकुचित गरेको देखिन्छ । धेरै देशमा मानव अधिकार रक्षकले राज्य र गैरराज्य दुवै पक्षबाट जबरजस्ती बेपत्ता, भौतिक आक्रमण, धाकधम्की, अपहरणको सामना गरिरहेका छन् । यसले कानुनी शासन, महिला अधिकार, दलित अधिकार, भ्रष्टाचार विरोधी, सुशासन, आदिवासी जनजातिको अधिकार, भूमि अधिकार, वातावरण र प्राकृतिक स्रोतको अधिकार, पत्रकार र अन्य अभियन्तालाई प्रत्यक्ष असर गरेको छ । अधिकांश मानवअधिकार रक्षक र उनीहरूका परिवारलाई राज्य र गैरराज्य दुवै पक्षका कट्टरपन्थी समूहबाट विशेषरूपमा आक्रमण गरिन्छन् । यी घटना मूलतः द्वन्द्वग्रस्त क्षेत्रमा हुने गर्छन् ।

बंगलादेशको संविधानमा मानवअधिकारलाई मौलिक अधिकारको रूपमा राखिएको छ । यद्यपि, पुरै दण्डहीनताको माहोलमा गैरन्यायिक हत्या, यातना र जबर्जस्ती बेपत्ता पार्नेजस्ता सुरक्षा बलबाट हुने दुर्व्यवहारजस्ता घटना देशभर व्याप्त छन् । यातना विरुद्धको विश्व संगठन (ओएमसीटी) र यसको साझेदारको २०१९ को प्रतिवेदनमा ९ वर्षको अवधिमा[१३] ३०० भन्दा बढी यातनाका घटना उल्लेख गरिएको छ । राष्ट्रिय मानव अधिकार आयोगका अनुसार बंगलादेशमा मानवअधिकार उल्लङ्घनका करिब ७० प्रतिशत आरोप कानुन कार्यान्वयन गर्ने निकायविरुद्ध छन् । नेपालको अवस्था पनि उस्तै छ[१४] । हुम्यान राइट्स वाचको २०२२ को प्रतिवेदनमा उल्लेख गरिएको छ,

१३ https://www.omct.org/en/resources/statements/bangladesh-serious-human-rights-violations-must-end
१४ https://www.dandc.eu/en/article/bangladeshs-crisis-civil-liberties-and-human-rights

दण्डहीनताको कारणले नेपालमा मानव अधिकारको अवस्थालाई कमजोर बनाइरहेको छ। गैरन्यायिक हत्या र यातनाका कारण हिरासतमा मृत्यु भएका घटना लगायतका प्रहरीद्वारा गरेका मानवअधिकार उल्लङ्घनका घटना बिरलै अनुसन्धान हुन्छन् र आरोपित कहिल्यै पक्राउ पर्दैनन्[१५]।

सरकारले तल उल्लेखित कुनै एक वा सबै तरिका प्रयोग गरेर मानव अधिकार संरक्षणको मुद्दालाई कमजोर पारि नागरिक अधिकारका क्षेत्र बन्द गर्न सक्छ :

- सामुदायिक समूह विशेष गरी अल्पसंख्यक समूह, प्रतिपक्षी दल, दलित, मधेशी, आदिवासी जनजाति, महिला, युवा, र अन्य सिमान्तकृत समुदाय विशेष गरि उत्पीडनमा पर्छन।
- मानवअधिकारकर्मी, व्यक्ति र संस्थालाई राज्य र गैरराज्य पक्षद्वारा उत्पीडन गर्न सक्छन्।
- मानवअधिकार र नागरिक अभियन्तामाथि हुने हत्यालाई रोक्न र हिंसा नियन्त्रण गर्न असफल बनाउन सक्छन्।

लैंगिक तथा सामाजिक समावेशीकरण

सामाजिक समावेशीकरण एउटा प्रक्रिया हो जहाँ सिमान्तकृत समुदाय आफ्नो पहिचानमा आधारित रहेर सामर्थ्य, अवसर र आत्म-सम्मानमा सुधार गर्दै समाजमा सहभागी हुन्छन्। विश्वका अधिकांश देशमा सिमित वर्ग, जाति, धर्म, लिङ्ग वा क्षेत्रका मान्छेले कब्जा गरेका छन् भने पछाडि पारिएका वर्ग, समुदाय, क्षेत्र, लिङ्ग वा जातका मानिसहरूलाई समेटिएको छैन। यीमध्ये धेरै देशले आफ्नो संविधानमा समावेशीकारणको व्यवस्था गरेका छन्। कतिपय देशले समावेशीकरणका प्रावधानका लागि ऐन नै बनाएका छन्। तर, सिमान्तकृत वर्ग र समुदायले नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको उपभोग गर्ने समान अवसर पाएका छैनन्। बरु उनीहरूलाई सामाजिक रूपमा बहिष्कृत गरिएको छ। सामाजिक बहिष्करण भनेको व्यक्ति वा

व्यापक भेदभाव

नापी कार्यालय बझाङमा अमिन सर्वेक्षकको रुपमा कार्यरत महेश विश्वकर्माले दलित भएकाले भाडामा कोठा पाएनन्। बझाङको सदरमुकाम चैनपुरबाट देवलमा सर्दा उनले कोठा पाउन सकेनन्। महेशलाई सहरका घरधनीले कोठा नदिएको अनुभव थियो। बिहान कोठा दिने कुरा गरे पनि बेलुका विभिन्न कारण देखाएर घर भित्र प्रवेशमा समेत प्रतिबन्ध लगाउने काम भए। बैतडीका सांसद चन्द्र जोशीले पनि आफ्नो घरमा कोठा भाडामा लगाउने कोठा खाली हुँदा पनि उनलाई दिन इन्कार गरे। महेश दलित हो भन्ने थाहा पाएर नै उनले कोठा भाडामा दिन इन्कार गरेका हुन्। जातीय भेदभाव र छुवाछुत उन्मूलनका लागि जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ पारित भएको छ। संस्कृति, परम्परा, धर्म वा रीतिरिवाजमा आधारित प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानजनक जीवनयापनले भेदभाव, छुवाछुत, निषेध, बहिष्कारको कार्यलाई दण्डनीय बनाएको छ। तर, ऐन प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन।

१५ https://www.hrw.org/world-report/2022/country-chapters/nepal

समूहले आफ्नो समाजको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक जीवनमा भाग लिन असमर्थ हुनु हो । सिमान्तकृत समूहलाई पनि शक्तिशाली संस्था र तिनीहरुको पहुँचबाट वञ्चित गरिएको छ ।

२०१८ मा भएको एक अध्ययन अनुसार विश्वमा प्रत्येक दश मध्ये छ देशमा जनताका संगठित हुने, शान्तिपूर्ण भेला र अभिव्यक्ति स्वतन्त्रता जस्ता मौलिक अधिकारमाथि गम्भीर प्रतिबन्ध लगाइरहेका छन् । धेरै देशमा सिमान्तकृत समुदाय र सामाजिक रूपमा बहिष्कृत समूहविरुद्ध व्यापक दमन र हिंसा भएको देखिन्छ ।

स्थानीय र आदिवासी समुदाय, महिला र युवाहरू जस्ता विशिष्ट समूहको प्रायः स्थानीयदेखि राष्ट्रियस्तरसम्मको निर्णय प्रक्रियामा अपर्याप्त पहुँच र संलग्नता हुन्छ । यस्तो अवस्थामा दलित, आदिवासी जनजाति, जातीय अल्पसंख्यक, मधेशी र अन्य सिमान्तकृत समुदायका जनता र स्थानीय समुदायलाई राज्य संयन्त्रका सबै क्षेत्रमा विशेष ध्यान दिने, लैङ्गिक मूलप्रवाहीकरण र समावेशी बनाउनु आवश्यक छ । राज्य र गैरराज्य पक्षले लिंग, जात, जाति, धर्म, क्षेत्र आदिका आधारमा जनतालाई बहिष्कार गरी नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र बन्द गर्न खोज्न सक्छन् । यस प्रक्रियामा, यी विधि लागू भएको देखिन्छ :

- राज्य संयन्त्रमा एक जात, एक धर्म, एक भाषा वा एक लिङ्गलाई प्राथमिकता दिने ।
- संरचनागत रूपमा महिला, दलित, जनजाति, आदिवासी, सिमान्तकृत समुदायलाई बहिस्करण गर्ने ।
- भेदभावका घटनामा अनुसन्धान र सजायको प्रकृया पूरा नगर्ने ।
- महिला, दलित, जनजाति र अन्य सिमान्तकृत समुदायका व्यक्तिलाई गैरराज्य पक्षबाट सार्वजनिक र निजी स्थानमा भेदभाव गर्ने ।
- सार्वजनिक निकाय, स्थानीय सरकार, उपभोक्ता समिति, विभिन्न धार्मिक तथा सांस्कृतिक संघसंस्था आदिमा यस्ता बहिष्कृत समूहलाई अवसर नदिने ।

अध्याय पाँच
मुख्य कार्य र सरोकारवालाहरू

"मानिस आफ्नो आवाज सुनियोस् भन्ने चाहन्छन् र आफ्नो जीवनलाई प्रभावित गर्ने निर्णयमा भाग लिन चाहन्छन्। विभिन्न संस्थाले आफूले सेवा गर्ने समूह महिला, युवा, अल्पसंख्यक समूह वा अपाङ्गता भएका व्यक्तिलाई निरन्तर बेवास्ता गरिन्छ, उनीहरुका आवाज सुन्नलाई प्रभावकारी विधि र पद्धति स्थापना गर्न सकिन्छ।"

- सयुंक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस

नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको प्रबर्द्धन गर्न प्रमुख काम

नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको प्रबर्द्धन विभिन्न तरिकाले गर्न सकिन्छ। सामाजिक संघसंस्थाका सदस्य, मानव अधिकार रक्षक र अन्य अभियन्ताले नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रमा राज्यका न्यूनतम् शर्त पुरा गर्न वा राज्य बाट हुन् सक्ने सम्भावित आक्रमणबाट बच्न विभिन्न रणनीति अपनाएका हुन्छन्। यसका लागि लिन सकिने केही रणनीति तल उल्लेख गरिएका छन् :

देशको तत्कालीन राजनीतिक र कानुनी सन्दर्भको समालोचनात्मक मूल्याङ्कन

देशमा नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको प्रबर्द्धनको लागि सुरुवाती चरणमा त्यहाँको नागरिक अधिकार क्षेत्र, देशको समग्र कानुनी र राजनीतिक अवस्थाको आलोचनात्मक समिक्षा हुन् जरुरी छ। सरकार र सामाजिक संघसंस्थाबीचको सम्बन्ध र तिनीहरूबीच एक-अर्काप्रतिको

व्यवहारजस्ता सवालको पनि मूल्याङ्कन गरिनुपर्छ। आलोचनात्मक मूल्याङ्कन गर्दा कानुनी र संवैधानिक प्रावधान, निर्वाचनमा प्रतिस्पर्धाको दायरा, सामाजिक संघसंस्थालाई स्वतन्त्रतापूर्वक काम गर्ने माहोल र सामाजिक संघसंस्थालाई सहायता प्रदान गर्ने सवालमा हदैसम्मको मुक्ति हुनुपर्छ भन्ने हदसम्म अध्ययन हुनुपर्छ। आलोचनात्मक रूपमा मुख्य प्रवृत्तिको मूल्याङ्कन गर्न तीनवटा प्रमुख कदमहरूलाई लिन सकिन्छ। पहिलो, नागरिक अधिकारका क्षेत्रको समग्र प्रवृत्तिको मूल्याङ्कन र चेतावनीका संकेतको पहिचान गर्ने। दोस्रो, नागरिक अधिकारका क्षेत्रमा प्रतिबन्ध लगाउने कानुनको पहिचान गर्ने। र अन्तमा, नागरिक अधिकार क्षेत्र प्रबर्द्धन गर्ने कानुन र नियमको पहिचान गर्ने रहेका छन।

नीति निर्माण प्रक्रियामा नागरिक संलग्नतालाई प्रोत्साहन गरौं

सामाजिक संघसंस्थाका लागि नीति निर्माण र संसदीय प्रक्रियामा भाग लिने धेरै तरिका छन्। विश्वका धेरै देशले नीति निर्माण प्रक्रियामा सामाजिक संघसंस्थाको औपचारिक संलग्नतालाई सुनिश्चित गरेका छन्। सामाजिक संघसंस्थाले नीति निर्माण प्रक्रियामा भाग लिने सामान्य तरिका भनेको खुला वा बन्द सुनुवाइमा मौखिक प्रमाण उपलब्ध गराउनु पनि हो। त्यसैगरी, उनीहरुले संसदीय समितिलाई लिखित प्रमाण पनि उपलब्ध गराउँछन्। सामाजिक संघसंस्थाका लागि यस्तो किसिमको सहकार्य बढाउनको लागि उत्तम स्थान भनेको संसदीय समितिहरु पनि हुन् किन कि त्यहाँ सार्वजनिक मुद्दा र विषयवस्तुबारे छलफल गर्छन्। संसदीय समितिले पार्टी राजनीति र निर्वाचन क्षेत्रका चासो भन्दा बाहिर गएर सुझाव माग्दछन्। सामाजिक संघसंस्था र संसदीय समितिहरुका बीच बलियो समन्वय र साझेदारी सम्बन्ध स्थापना गरेर समितिले ती संस्थालाई उनीहरुको विज्ञता भएका विषयहरुमा लिखित वा मौखिक सुझाव पेश गर्न अनुरोध गर्न सक्छन्। सामाजिक संघसंस्थालाई नीति निर्माण प्रक्रियामा सहभागी गराउने अन्य अनौपचारिक तरिका पनि हुन्छन्।

त्यसैगरी नीति निर्माण तहमा नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको बिस्तारका लागि अप्रत्यक्ष लबिङ र वकालत गर्न सकिन्छ। यसका लागि दाता र सरकारसँग मिलेर नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रलाई खुला गरेर दलित, महिला, आदिवासी जनजाति, युवा र सिमान्तकृत जनताको अधिकारको संरक्षण गर्न सकिन्छ। सामाजिक संघसंस्था सम्बन्धी कानुनको असर र तिनको पुनरावलोकनका सन्दर्भमा उनीहरु रचनात्मक संवादमा संलग्न हुनसक्छन्।

खुला सरकार साझेदारीले संसद[16]मा नागरिक समाजको सहभागिता प्रबर्द्धन गर्दछ। सामाजिक संघसंस्था संसदीय प्रणालीका मुकदर्शक मात्र होइनन्, उनीहरुले सांसदको काममा थप मूल्य जोड्न सक्छन् र उनीहरुको भूमिका हुन्छ भनेर केही सांसदले यस क्षेत्रमा संलग्न हुन थालेका छन्। केही देशमा सामाजिक संघसंस्थालाई संसदीय समितिमा मतदान बिनाको सदस्य भनेर पनि चिनिन्छ। संसदसँग सहकार्य र समन्वय गरी नीति निर्माण तहमा सामाजिक संघसंस्थाको संलग्नताले नागरिक

16 For more information https://www.opengovpartnership.org/

र लोकतान्त्रिक अधिकारका क्षेत्रको प्रबर्द्धन र संरक्षण गर्न मद्दत गर्नेछ। यसका लागि संसदीय समितिमा सामाजिक संघसंस्थाको प्रतिनिधित्वलाई संस्थागत गर्न वकालत गर्नुपर्छ।

युवा, महिला र सिमान्तकृत समुदायले नेतृत्व गरेका संघसंस्थालाई सहयोग गर्ने

भेला हुने, संगठित हुने र अभिव्यक्तिको स्वतन्त्रता जस्ता मौलिक अधिकारको प्रयोग गर्ने सामाजिक संघसंस्थाको क्षमतामा देशमा उनीहरुको अस्तित्व र सञ्चालन गर्ने ठाउँलाई परिभाषित गर्छ। यस अधिकारको संरक्षण र प्रबर्द्धन गर्न लोकतान्त्रिक र नागरिक अधिकार, युवा, महिला र अन्य सिमान्तकृत वर्ग र समुदायले नेतृत्व गरेका सामाजिक संघसंस्थालाई सहयोग गर्न सकिन्छ। यस सन्दर्भमा ती सामाजिक संघसंस्थालाई विभिन्न सहयोग जस्तै सामाजिक संघसंस्था र राजनीतिक संरचनालाई जोड्ने, सामाजिक संघसंस्थाका लागि अनुकुलन वातावरण निर्माण गर्ने, सामाजिक संघसंस्थाका सदस्यको क्षमता अभिवृद्धि गर्ने तथा उनीहरुलाई प्राविधिक सहयोग प्रदान गर्नेजस्ता कुरा गर्न सकिन्छ। यस्तो सहयोगले यी संस्थाहरुले नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको नियमितरूपमा अनुगमन गर्न सक्छन् र यसको प्रबर्द्धनका लागि सामूहिकरूपमा आवाज उठाउन सक्छन्। त्यसैगरी यी संस्थाको वित्तीय प्रणालीलाई बलियो बनाउन गर्ने सहयोगले पनि उनीहरूलाई त्यतिकै रूपमा मद्दत गर्न सक्छ।

नेपालमा दलित, महिला, आदिवासी/जनजाति र स्थानीय तहमा कार्यरत युवाका नेतृत्वमा रहेको संस्थाले जनताको नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको प्रबर्द्धनमा आवश्यक योगदान पुऱ्याइरहेका छन्। त्यसैगरी सामुदायिक वन समूह, महिला समूह, खानेपानी उपभोक्ता समितिको पनि उत्तिकै योगदान छ। यद्यपि, यी संस्थालाई सान्दर्भिक मुद्दा उठाउन सशक्त बनाउन धेरै कम काम गरिएको छ। तसर्थ यी संगठनलाई बलियो बनाउनु भनेको नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको प्रबर्द्धनमा योगदान गर्नु हो।

बलियो गठबन्धन र सञ्जाल निर्माण गर

गठबन्धन भनेका सामाजिक संघसंस्था, राजनीतिक दलका सदस्य, संसदका सदस्यहरू, मानवअधिकार रक्षक, अभियन्ताबाट नागरिक समाजका लागि सक्षम वातावरण स्थापना गर्न र नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको प्रबर्द्धनका लागि समर्थन सङ्कलन गर्ने अनौपचारिक तरिका हुन्।

साझा क्षेत्र र मुद्दामा काम गर्ने संस्थाबीच बलियो गठबन्धन बनाउन सकिन्छ। महिला अधिकार रक्षक समूह, दलित सञ्जाल, युवा क्लब, मानवअधिकार सञ्जाल आदिको बलियो गठबन्धनबाट साझा आवाज उठाउन सकिन्छ। स्थानीय तहमा मात्रै होइन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा पनि गठबन्धन निर्माण गर्न सकिन्छ।

यी सञ्जालमार्फत समाजमा नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको संरक्षण र प्रबर्द्धनका लागि साथी समूह र समुदायसहित मानिसलाई परिचालन गर्न सकिन्छ। यस्तो प्रकारको गठबन्धनले नागरिक अधिकारका क्षेत्र बन्द र संकुचनलाई चुनौती दिन सक्छ। गठबन्धन बनाउँदा अन्तरपार्टी संसदीय समूह महत्वपूर्ण हुन्छ। यी समूहले सामाजिक संघसंस्थालाई सहयोग गर्ने ठुला अनौपचारिक प्रस्ताव गर्न सक्छन्। यी गठबन्धन समूहको सञ्जाल आवश्यकताअनुसार बिस्तार गर्न सकिन्छ।

नेपालमा सन् २००६ को आन्दोलनमा सामाजिक संघसंस्थाको योगदान

सन् १९९० को जनआन्दोलनको परिणामस्वरुप नेपालमा निरंकुश पञ्चायत शासनको पतन भयो र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना भयो। तर बहुदलीय व्यवस्था पनि नेपालमा लामो समयदेखि राजनीतिक दलहरुको असहमति र द्वन्द्वका कारण सहजरूपमा चल्न सकेन। २०५२ मा नेकपा (माओवादी) ले जनयुद्ध शुरु गऱ्यो।

त्यसपछि सन् २००५ मा फेब्रुअरी १ तारिखमा तत्कालीन राजा ज्ञानेन्द्र शाहले सरकार सम्हाले र निरंकुश शासन सुरु गरे। राजनीतिक दलमाथि अघोषित प्रतिबन्ध लगायो। त्यसबेला राजनीतिक दलहरूले नागरिकलाई संगठित गर्ने, भेला गर्ने, साधारणसभा गर्ने र सञ्चारमाध्यमले स्वतन्त्ररूपमा विचार प्रवाह गर्ने अवस्था थिएन।

यस्तो अवस्थामा औपचारिक र अनौपचारिकरूपमा सञ्चालित सामाजिक संघसंस्थाले देशव्यापीरूपमा तानाशाहीविरुद्ध जनतामाझ संगठित गर्न, भेला गर्न र विचार फैलाउन योगदान दिए। सामाजिक संघसंस्थाले नेपालमा नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको संरक्षणमा प्रत्यक्ष पहल गरेका थिए। उनीहरुले औपचारिकरुपमा सडकमा आएर निरंकुशताको विरोध गरे। फलस्वरूप सन् २००६ मा नेपालमा जनआन्दोलन भयो। १९ दिनसम्म चलेको आन्दोलनले निरंकुश राजतन्त्रको अन्त्य गरी नेपालमा लोकतान्त्रिक व्यवस्था स्थापना गऱ्यो।

कार्यान्वयनमा सरकारसँग सहकार्य

स्थानीय सामाजिक संघसंस्थाले धेरै तडक-भडक नगरिकन विवादरहित क्षेत्र पहिचान गर्दै स्थानीय सरकारसँग समन्वय गरेर नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धनमा काम गर्न सक्छन्। यसो गर्दा सामाजिक संघसंस्थाले आफ्नो उपस्थितिलाई राष्ट्रियरुपमा बिस्तार गर्न सक्छन् र सरकारी कार्यालयसँग सम्बन्ध निर्माण गर्न सक्छन्। धेरै सामाजिक संघसंस्थाले सरकारद्वारा स्थापना गरिएका विभिन्न राष्ट्रिय समुदायहरूमा संलग्न भै भित्रबाट नीति र प्रक्रियालाई प्रभाव पार्न सक्छन्।

नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको रक्षा र विस्तारका लागि वकालतमा सहयोग

सामाजिक संघसंस्थाले दलित, आदिवासी जनजाति, महिला, युवाको क्षमता अभिवृद्धि गर्न अहिंसात्मक तरिकाले निरन्तर काम गर्न सक्छन्। यी समूहले दमनकारी कानुनलाई चुनौती दिन सामाजिक संघसंस्थालाई समर्थन गर्न सक्छन्। यसका लागि यस्ता समूहले सार्वजनिक महत्वका सवालमा अदालतमा मुद्दा दायर गरी दमनकारी कानुनको वैधानिकता अन्त्य गर्न सक्छन्। यस्ता समूहले नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रमा राज्यले नै फैलाएका नकारात्मक भाष्यहरुलाई चुनौती दिन सक्छन्। नागरिक समाजले अन्तर्राष्ट्रिय समुदाय, आमसञ्चार र राज्य संयन्त्रभित्रका प्रभावशाली व्यक्तिसँग रणनीतिकरुपमा संलग्न भएर पनि नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको रक्षा गर्न सक्छन्।

सामाजिक संघसंस्थाका सदस्य र अभियन्ताका लागि कानुनी, वित्तीय, सुरक्षा तालिम र मनोसामाजिक सहयोग

नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको रक्षा गर्न सक्रिय व्यक्तिहरू जस्तै : सामाजिक अभियन्ता र मानव अधिकार रक्षकलाई आर्थिक सहयोगद्वारा समर्थन गर्न सकिन्छ। त्यसैगरी उनीहरूमा सकारात्मक भावना विकास गर्न कानुन र सुरक्षासँग सम्बन्धित तालिम, मनोसामाजिक परामर्श र अन्य सहयोग प्रदान गर्न सकिन्छ। आर्थिक, कानुनी र मनोसामाजिक सहयोगको माध्यमबाट उनीहरुले नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धनका लागि अभियान सञ्चालन गर्न सक्छन्।

राज्य-नागरिक समाज सम्बन्ध सुधार

राज्य-नागरिक समाजको सम्बन्ध कमजोर वा वैमनस्यपूर्ण भएमा यसले नागरिकको अधिकारका क्षेत्रलाई संकुचित वा बन्द गर्छ। यस्तो अवस्थामा सरकारले सामाजिक संघसंस्थाको सार्वजनिक अधिकारीसँगको पहुँचमा औपचारिक वा अनौपचारिक प्रतिबन्ध लगाउन सक्छ। सरकारले नीति निर्माण प्रक्रियामा कहिलेकाहीं नागरिक समाजसँग परामर्श गर्न सक्छ वा नगर्न पनि सक्छन्। कतिपय अवस्थामा नागरिक समाजले नागरिक अधिकार क्षेत्र जोगाउनुभन्दा आन्दोलनका माध्यमबाट वैमनस्यपूर्ण वातावरण सिर्जना हुनसक्छ। यसरी राज्य-नागरिक समाजको सम्बन्ध कमजोर भयो भने यसले नागरिक अधिकारका क्षेत्रलाई संकुचित पार्छ। नागरिक समाजभित्र 'व्यवस्था विरोधी' समूहको उदय राज्य र नागरिक समाजको सम्बन्ध कमजोर भएको संकेत हुन सक्छ।

सामाजिक संघसंस्थाको योगदान

ऐतिहासिक रूपमा नेपालमा दलित समुदायले सामाजिक विभेद, आर्थिक असमानता र राजनीतिक बहिष्कारको सामना गर्नु परेको छ। सन् २००६ को राजनीतिक परिवर्तन पछि सामाजिक संघसंस्थाले संगठित र सामुहिकरुपमा सिमान्तकृत वर्ग र समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउन आन्दोलन गरे। दलित महिला संघ लगायतका दलित र महिला अधिकारका क्षेत्रमा काम गर्ने संस्थाले स्थानीय वडा समितिमा दलित महिला अनिवार्य हुनुपर्ने आवाज उठाएका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मस्यौदा तयार गर्ने क्रममा नागरिक समाजले सांसद मार्फत संसोधन प्रस्तावका लागि दबाब दिएका थिए।

दलित समुदायलाई सशक्तिकरण गरेर आन्दोलन गरियो। आमसञ्चार माध्यमबाट विचारको निरन्तर प्रवाह पनि भयो। नतिजा स्वरूप ऐनले स्थानीय तहको वडा समितिमा दुई महिलामध्ये एकजना अनिवार्य दलित महिला हुनुपर्ने व्यवस्था गरेको छ। वडा समितिमा दलित महिला सदस्य अनिवार्य भएपछि दलित समुदायको प्रतिनिधित्व बढेको छ। हाल देशभर ६ हजार ५६७ महिला दलित जनप्रतिनिधि निर्वाचित भएका छन्। यसले सिमान्तकृत वर्ग र समुदायको आवाजलाई स्थानीय तहसम्म पुग्न सम्भव बनाएको छ।

नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र प्रबर्द्धनका लागि सरोकारवालाको भूमिका

विभिन्न सरोकारवालाले नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको प्रबर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्छन्। यसलाई निम्नानुसार परिभाषित गरिएको छ :

अन्तर्राष्ट्रिय समुदायको भूमिका

अन्तर्राष्ट्रिय समुदायले नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्र बन्द गर्ने सवाल जस्तै : संघसंस्था दर्ता, दमन, वैदेशिक सहायता आदिले महत्वपूर्ण भूमिका खेल्छन्। अन्तर्राष्ट्रिय समुदायका लागि अन्तर्राष्ट्रिय कानुन, नियमन, महासन्धिले नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रको लागि महत्वपुर्ण भूमिका प्रदान गरेका हुन्छन्। अन्तर्राष्ट्रिय कानुन र महासन्धि जस्तै : मानव अधिकार महासन्धिले नागरिक समाजका विविध अधिकार र स्वतन्त्रताको रक्षा गर्छन्। मानव अधिकारको विश्वव्यापी घोषणा (UDHR), मानव अधिकारको युरोपेली बडापत्र (ECHR), मानव अधिकारको अमेरिकी महासन्धि (ACHR) यसका केही उदाहरण हुन्। यी महासन्धि र संयन्त्रमा भएका प्रतिबद्धताले राज्यलाई व्यक्तिगत स्वतन्त्रता र सुरक्षा, संगठित हुने स्वतन्त्रता, भेला र विचार अभिव्यक्तिको अधिकारको रक्षा गर्न बाध्य पार्छन्। संयुक्त राष्ट्रसंघ मानव अधिकार परिषद् (UNHRC) ले पारित गरेको सन् २०१६ को संकल्पले राज्यलाई नागरिक समाजले स्रोत खोज्न, प्राप्त र प्रयोग गर्न सक्ने कुरालाई सुनिश्चित गर्न आह्वान गरेको छ। नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धनमा भूमिका खेल्ने अन्य अन्तर्राष्ट्रिय संस्था विश्व बैंक, सिभिकस र ओजीपीलगायत छन्।

यसबाहेक नागरिक समाजसँगको साझेदारीमा संयुक्त राष्ट्रसंघ र यसका संस्थाका लागि विश्वव्यापी, क्षेत्रीय र राष्ट्रियस्तरमा आफ्नो कार्यादेश कार्यान्वयन गर्न लामो समयदेखि महत्वपूर्ण भूमिका खेलेको छ। सयुंक्त राष्ट्रसंघले पनि कानुनी शासन, क्षमता अभिवृद्धि र त्यसका मानव अधिकार सम्बन्धी निकाय र संयन्त्र मार्फत सहयोग गरेर नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धन गरेको देखिन्छ। त्यसैले संयुक्त राष्ट्रसंघ नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धन र संरक्षण गर्नका लागि साझा रणनीतिका प्रयत्न बढाउन प्रतिबद्ध छ।

नेपालमा सामाजिक संघसंस्थालाई दाताको सहयोग

सन् २००६ को लोकतान्त्रिक आन्दोलनसँगै धेरै दाताहरूले स्थानीय गैरसरकारी संस्थालाई स्रोत प्रदान गरेर सेवा प्रवाह गरे। यसले गैरसरकारी संस्थाको संख्या बढायो, कतिपयले त सार्वजनिक सेवाको वितरणमा राज्यको भूमिकालाई प्रतिस्थापन पनि गरे। सामाजिक संघसंस्थाको यो वृद्धिले उनीहरुका पछाडि को छ र कुन राजनीतिक दलले नियन्त्रण गरेको छ भन्ने कुरा पत्ता लगाउन गाह्रो थियो। कतिपय ठाउँमा दाताको सहयोगले अमुक राजनीतिक पार्टीलाई प्रत्यक्ष फाइदा पुगिरहेको थियो। यसो हुँदा दाताले नेपालको प्रजातन्त्रीकरण प्रक्रियालाई अप्रत्यक्षरूपमा प्रभावित गरे।

संसद र सांसदको भूमिका

सरकारले प्रायः नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रलाई संकुचित गर्न र बन्द गर्न कानुन प्रयोग गर्ने प्रयास गर्छन्। तसर्थ, नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रलाई आकार दिन संसदले महत्वपूर्ण भूमिका खेल्छ। यद्यपि, सरकारले कानुनको प्रयोग मात्र गर्दैन, यसले सामाजिक संघसंस्थालाई सताउन र नागरिक अधिकार क्षेत्र बन्द वा संकुचित गर्न गैरकानुनी तरिका पनि अपनाउँछ। बिगतमा विभिन्न देशले नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रलाई संकुचित गर्ने प्रवृत्तिको विश्लेषण गर्दा, विधायिकी प्रतिबन्ध बढी लागू भएका छन् किनकि कानुनले सरकारलाई गैरसरकारी संस्थालाई दमनको अधिकार बिना नियन्त्रण गर्ने अनुमति दिन्छ। नागरिक अधिकार क्षेत्र विरोधी कानुनलाई संसदले अनुमोदन गरेको खण्डमा त्यसले बैधता पाउछ। यसरी निरंकुश शासकले सधैं नागरिकको अधिकार क्षेत्र लाई संकुचित गर्न कानुनको प्रयोग गर्छन्। अधिनायकवादी शासकले पनि संसदबाट प्राप्त मतलाई रणनीतिकरुपमा आफ्नो कार्यलाई लोकतान्त्रिक करार गर्न प्रयोग गर्छन्।

हामी कजाकिस्तानलाई उदाहरणको रूपमा लिन सक्छौं[१७]। सन् २०१५ मा कजाकिस्तानमा संसदीय प्रक्रिया पुऱ्याएर नागरिक समाजलाई प्रतिबन्ध लगाउने कानुन लागू गरियो। त्यो कानुन अनुमोदन हुँदै गर्दा धेरै सांसद केही गर्न सकिएन भनेर बाहिरिए। त्यसैगरी बंगलादेशले पनि सन् २०१६ मा अन्तर्राष्ट्रिय समुदायले अपिल र देशकै नागरिक समाजका सदस्यहरूले उठाएका

१७ https://www.wfd.org/sites/default/files/2021-11/Civic-space-v1-1%281%29.pdf

अभियानको बावजुद नागरिक अधिकार क्षेत्र प्रतिबन्ध हुन कानुन लागू गर्यो । संसद्का सदस्यले कानुन बनाउने मात्र होइन, नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको संरक्षणमा पनि महत्वपूर्ण भूमिका खेल्न सक्छन् । संसद सदस्यले दमनकारी कानुनको प्रतिरोध गर्न सक्छन् । उदाहरणका लागि किर्गिस्तानको संसदले सन् २०१६ मा प्रस्तावित 'विदेशी एजेन्ट कानुन'लाई अस्वीकार गऱ्यो । यसले संसदले नागरिक अधिकार क्षेत्र बन्दको प्रतिरोध गरेर लोकतन्त्रको रक्षा गर्ने सवालमा महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने देखाउँछ ।

यद्यपि नागरिक अधिकार र लोकतन्त्रका समर्थकलाई नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र बन्द हुँदा कसरी सम्बोधन गर्ने भनेर प्रतिक्रिया विकास गर्न गाह्रो हुन्छ । विश्वभरिको अनुभवलाई हेर्दा नागरिक समाज र संसदको सम्बन्ध अविश्वास र प्रतिद्वन्दी जस्तो देखिन्छ । विश्वभरका सामाजिक संघसंस्था, अभियन्ता र मानवअधिकार रक्षक, संसदका सदस्यसँग रचनात्मक संलग्नता जनाउने भन्दा पनि सरकारको विरोधमा केन्द्रित छन् । प्रतिपक्षजस्तो विरोध मात्र गरेको देखाउँदा संसदका सदस्यलाई पनि सामाजिक संघसंस्थामा प्रतिबन्ध लगाउन आवश्यक छ भनेर विश्वास लाग्न सक्छ ।

सञ्चार क्षेत्रको भूमिका

सञ्चारमाध्यम नागरिक अधिकार क्षेत्रको महत्वपूर्ण अंग हो । कम से कम अभिव्यक्तिको मौलिक स्वतन्त्रताको महत्वको कारणले मात्र होइन, मिडियामा सरकारलाई जवादेही बनाउने, उल्लंघनका घटनालाई उजागर गर्ने र सबैभन्दा सिमान्तकृतको आवाज सुन्नको लागि मञ्च बन्ने शक्ति छ । मिडिया र पत्रकारको भूमिका पहिले भन्दा बढेर गएको छ । बोल्ने, संगठित हुने र काम गर्ने कुराले जहासुकै सबैलाई असर गर्छ । नागरिक समाजसँग जोडिने र यस सिकाइ पुस्तिकामा उठाइएका केही विषयको अन्वेषणले पाठक, दर्शक र श्रोतालाई नयाँ र फरक कथा प्रदान गर्न सक्छ ।

सामाजिक संघसंस्था नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र प्रबर्द्धनको आफ्नो अभियानलाई अगाडि बढाउन स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतिष्ठित र स्वतन्त्र सञ्चारमाध्यमसँग काम गरिरहेका छन् । नेपालमा धेरै सामाजिक संघसंस्थाले नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धनमा मद्दत गर्न मिडिया सेन्टर र रेडियो स्टेशनको स्थापना गरेका छन् । थाइल्याण्डमा सामाजिक संघसंस्था नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रविरुद्ध हुने सरकारी प्रचारको प्रतिरोध गर्नको लागी मुलधारका मिडिया र डिजिटल माध्यमसँग सक्रियरूपमा संलग्न छन् । बंगलादेशमा विभिन्न संस्थाले नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र विरुद्ध सरकार र विपक्षी दलका कार्यकर्ताहरुले गर्ने भाष्यहरुको विरोध गर्न आमसञ्चारको प्रयोग गर्छन् । धेरै अवस्थामा नागरिक समाजले नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र विरुद्ध बोल्ने मुलधारका आमसञ्चारलाई जानकारी

र सचेत गराउँदै आएका छन् । पछिल्लो समय नागरिक तथा लोकतान्त्रिक अधिकार क्षेत्रको प्रवर्द्धन र संरक्षणका लागि सामाजिक संघसंस्थाले फेसबुक, ट्वीटर, व्हाट्सएप, भाइबर, सिग्नल जस्ता सामाजिक सञ्जालको प्रयोग गर्दै आएका छन् ।

नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको रक्षा गर्न सञ्चार क्षेत्रको भूमिका

जागरण मिडिया सेन्टर (JMC) सन् २००० मा दलित समुदायका पत्रकारहरूद्वारा स्थापित र सञ्चालित भएको गैरसरकारी संस्था हो । संस्थाले जातीय भेदभाव उन्मूलनका साथै समतामुलक, समावेशी र धर्मनिरपेक्ष समाज निर्माण गर्न स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय मिडिया परिचालन गरि वकालत गर्दछ । संस्थाले सन् २००७ जनवरीमा बुटवलमा सामुदायिक रेडियो "रेडियो जागरण ९३.६ मेगाहर्ज" स्थापना गरेको थियो । यो दक्षिण एसियामा दलित समुदायद्वारा सञ्चालित पहिलो रेडियो स्टेशन हो । रेडियोले समाजमा सामाजिक न्याय र समानता सुनिश्चित गर्न दलित, महिला, आदिवासी जनजाति, फरक क्षमता भएका व्यक्ति, मधेसी, यौनिक तथा लैंगिक अल्पसंख्यक र मुस्लिमसम्बन्धी विभिन्न विषय उत्पादन र प्रसारण गर्दै आइरहेको छ । बुटवलसँगै छेउछाउका तीन जिल्लाका श्रोतालाई जागरण समूह गठन गरेर रडियोसँग जोड्न थालेका छन् । ३० भन्दा बढी समूह र २० वटा सूचना केन्द्र स्थापना भएका छन् । जातीय विभेद अन्त्यका लागि सूचना केन्द्रले आयोजना गर्ने घरदैलो अभियान, सडक नाटक लगायतका गतिविधिमा उनीहरु निरन्तर लागिरहेका छन् । यसले नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्याइरहेको छ ।

नागरिक संघसंस्थाको भूमिका

नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रवर्द्धन र संरक्षणमा नागरिक समाजका संस्थाहरूले महत्वपूर्ण भूमिका खेल्छन् । कुनै पनि सामाजिक संघसंस्थाको लागि भेला हुन् पाउने, संगठित हुने र अभिव्यक्तिको अधिकार महत्वपूर्ण हुन्छन् । यी अधिकारको प्रवर्द्धनका लागि विभिन्न उद्देश्यका साथ स्थापित औपचारिक र अनौपचारिक सामाजिक संघसंस्थाले महत्वपूर्ण भूमिका खेल्छन् । आफ्नो अस्तित्वको लागि उनीहरुको आफ्नो प्रष्ट अडान छ र त्यसका लागि सार्वजनिक मामिलामा सहभागी हुने आफ्नो अधिकारको रक्षा पनि गरेका छन् । सामाजिक संघसंस्था र मानव अधिकार रक्षकहरु तमाम कठिनाईका बाबजुद नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र प्रवर्द्धनका लागि विभिन्न गतिविधिमा संलग्न भइरहेका छन् । उनीहरुले नागरिक अधिकार क्षेत्र प्रवर्द्धन गर्न विभिन्न विरोधका क्रियाकलाप गरिरहेका छन् । साथै आफू अप्रत्यक्ष रुपमा संलग्न भएर राजनीतिक दल, सहयोगी दातृ निकाय र मिडियालाई परिचालन गरिरहेका हुन्छन् ।

नागरिक आन्दोलन मार्फत गुठीको संरक्षण

केपी ओलीको सरकारले २०७६ साल वैशाख १७ गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मार्फत गुठी विधेयक दर्ता गराएको थियो । उक्त विधेयकमा देशभरका सबै गुठीलाई राष्ट्रियकरण गर्ने र गुठी निगमको सट्टा बलियो आयोग बनाउने प्रस्ताव थियो । सरकारले धार्मिक स्थल तथा कार्यक्रमको नियमन र व्यवस्थापन गर्न आयोग गठन गर्न प्रस्ताव गरेको थियो । गुठी काठमाडौं उपत्यका भित्रका नेवार समुदायको सामाजिक संस्था हो । गुठीमार्फत समुदाय एकजुट भई अभिव्यक्ति स्वतन्त्रता र सामूहिक लेनदेनको प्रयोग गर्ने परम्परा छ । नेवार समुदायले आफ्नो नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र सरकारले बन्देज गरेको भन्दै सरकारको प्रस्तावको विरोध गरे । विरोध प्रदर्शनका लागि हजारौंको संख्यामा मानिस सडकमा निस्किए । उक्त विधेयकलाई समुदायले आफ्नो धार्मिक र सांस्कृतिक सम्पदामाथिको आक्रमणको संज्ञा दिए । त्यसपछि सरकार २०७६ असार ३ गते औपचारिकरुपमा विधेयक फिर्ता लिन बाध्य भयो ।

यसरी युवा, महिला, दलित, सिमान्तकृत वर्ग र समुदायको नेतृत्वमा विभिन्न संघसंस्थाले नीतिगत तहमा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धन र संरक्षण गर्न नियमितरूपमा अनुगमन, सरकारलाई दबाब दिने, छलफल गर्ने काम गर्न सक्छन् । गुठी जस्ता अनौपचारिक सञ्जालदेखि लिएर सामुदायिक वन समूह, आमा समूह, खानेपानी उपभोक्ता समूहजस्ता सामाजिक संस्था आदिले नागरिक अधिकार क्षेत्रको संरक्षणमा भूमिका खेल्न सक्छन् ।

राजनीतिक दलको भूमिका

राजनीतिक दलहरूले नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको रक्षा गर्न महत्वपूर्ण भूमिका खेल्छन् । राजनीतिक दलहरूलाई राजनीतिक नागरिक समाजको रूपमा पनि लिन सकिन्छ । दलहरूले निश्चित समूहको स्वार्थलाई प्रतिनिधित्व गर्छन् । साथै सरकारले सामाजिक संघसंस्था र निर्णयकर्ता संस्थाका बीचमा उत्प्रेरकको रूपमा काम गर्न सक्छन् । राजनीतिक दलले निष्पक्ष र आवधिक निर्वाचनको संरक्षण गर्न सक्छन् जसले बहुलवादी समाज निर्माणमा योगदान पुऱ्याउँछ ।

नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको संरक्षणमा राजनीतिक दलहरूको महत्वपूर्ण भूमिका हुँदाहुँदै पनि अधिकांश राजनीतिक दलले नागरिक अधिकार क्षेत्रको संरक्षण र प्रबर्द्धनमा ध्यान दिएका छैनन् । सरकारले नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रमा प्रतिबन्ध लगाए पनि राजनीतिक दलहरू धेरै अवस्थामा मौन बस्छन् ।

लोकतन्त्रमा जीवन्त नागरिक अधिकार क्षेत्रको आवश्यकतामा जोड दिइन्छ । राजनीतिक दलको घोषणापत्र र नीति निर्माण प्रक्रियामा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धन गर्ने विषय स्पष्ट रूपमा समावेश हुनुपर्छ । नागरिक अधिकार क्षेत्र बन्द वा संकुचनको प्रतिरोधमा

राजनीतिक दलको महत्वपूर्ण भूमिका हुन्छ। यसका लागि राजनीतिक दलहरूले नागरिक समाजसँग गठबन्धन बनाउनु पर्छ।

मलेसियामा सुधारवादी आन्दोलन

सुधारवादी मलेसियाको एक राजनीतिक आन्दोलन हो। सेप्टेम्बर १९९८ मा नागरिक समाज र विपक्षी दलबीचको सहकार्यमा स्थापित भएको थियो। यसले मलेसियाको सबैभन्दा लामो समय प्रधानमन्त्रीको पद ओगटेका व्यक्तिको राजीनामाको आह्वान गर्दै राजनीतिक रूपान्तरणको पक्षमा क्रियाशील थियो। नागरिक समाज प्रतिरोधी चरित्रका हुन्छन् र उनीहरुको सामान्यतया राजनीतिक पार्टीसँग सहकार्य हुँदैन। तर पनि नागरिक समाजलाई के महसुस भयो भने अन्यायपूर्ण कानुनको खारेजी, भ्रष्टाचार हटाउने, प्रेस स्वतन्त्रता, न्यायिक स्वतन्त्रता, सामाजिक न्यायलगायत मानवअधिकार र सुशासनको प्रवर्द्धनजस्ता साझा उद्देश्य प्राप्तिका लागि भने बृहत साझेदारी गरिनु प्रभावकारी हुन्छ। सन् १९९९ को चुनावमा विपक्षीले ४० प्रतिशत भन्दा बढी मत ल्याएका थिए। उक्त निर्वाचनमा सामान्य अवस्थाको भन्दा तीन गुणा बढीको नाम मतदातावलीमा नाम दर्ता भएको थियो। यसले सरकारलाई जवाफ दिन र सुधारको पहल गर्न दबाब दियो। यो आन्दोलनले मलेसियाको राजनीतिक संस्कृतिलाई कुनै शक्तिको अन्ध वफादारी गर्ने र उपभोक्तावादी राजनीतिक प्रक्रियाप्रति आलोचनात्मक हुने दिशातिर डोऱ्यायो। यसले बलियो विपक्ष गठबन्धनले संसदीय लोकतन्त्रको थप खुल्ला बनाउने प्रक्रियामा मार्गनिर्देश गऱ्यो।

न्यायपालिकाको भूमिका

न्यायपालिका नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रवर्द्धन गर्ने महत्वपूर्ण सरोकारवालामध्ये एक हो। न्यायपालिकाले सरकारी तथा गैरसरकारी क्षेत्रबाट नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रमा हुने आक्रमण र प्रतिबन्धलाई अन्त्य गरी नागरिकको अधिकार सुनिश्चित गर्न योगदान दिन सक्छ। सर्वोच्च अदालतमा जनहितका मुद्दा दायर गरी नागरिक अधिकार क्षेत्रको प्रवर्द्धनमा योगदान पुऱ्याएका विभिन्न उदाहरण छन्। वि.सं. २०७९ को निर्वाचनअघि नेपालमा निर्वाचन आयोगले निषेध गरेको 'नो, नट अगेन' अभियानलाई सर्वोच्च अदालतले खारेज गरी जनताको वाक स्वतन्त्रताको संरक्षण गरेको छ। वकिलहरूले बलियो मुद्दा तयार गरेर निर्वाचन आयोगको कार्यलाई चुनौती दिएका थिए। फलस्वरूप, अदालतले निषेधाज्ञा विरुद्ध निर्णय गऱ्यो। यसले न्यायपालिकाले नागरिक स्थानको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने देखाउँछ।

सर्वोच्च अदालतद्वारा अभिव्यक्ति स्वतन्त्रताको रक्षा

वि.सं. २०७९ को आमनिर्वाचन हुनुअघि नै "नो, नट अगेन" भन्ने नाराले नेपाली राजनीतिमा तरंग पैदा गरेको थियो। पटक-पटक निर्वाचित भएर पनि देश र जनताको हितमा काम नगर्ने जनप्रतिनिधिहरूका विरुद्ध केही युवाहरूले "नो, नट अगेन" अभियान सुरु गरे। उनीहरुले उम्मेदवारको फोटो ट्याग गरेर अमुक पार्टीका नेताहरूलाई फेरि भोट नदिने भनेर अभियान चलाएका थिए। निर्वाचन आयोगले कात्तिक ८, २०७९ मा यस्ता सामाजिक सञ्जाल बन्द गर्न आदेश दिँदै सञ्जाल प्रयोगकर्तालाई विद्युतीय कारोबार ऐन र निर्वाचन (कसुर र सजाय) ऐन बमोजिम कारवाही गर्ने चेतावनी दिएको थियो। वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले आयोगको यो कार्य जनताको वाक स्वतन्त्रताविरुद्ध रहेको भन्दै कार्तिक १४ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

सर्वोच्च अदालतले कात्तिक २५ गते निर्वाचन आयोगको काम जनताको वाक स्वतन्त्रता विरुद्धको भएको र आयोगले त्यसको सम्मान गर्नुपर्ने उल्लेख गर्दै फैसला गरेको थियो। "नो, नट अगेन" जस्ता अभिव्यक्ति स्वतन्त्र र प्रभावकारी निर्वाचनका लागि महत्वपूर्ण शर्त भएको पनि अदालतको आदेशमा उल्लेख छ। साथै अदालतले आफ्नो निर्णयमा नागरिकको स्वतन्त्र मताधिकारको संरक्षण हुनुपर्ने र त्यसले लोकतन्त्रको संरक्षणमा पनि योगदान पुऱ्याउने भन्दै कात्तिक ८, २०७९ को वक्तव्यमा मा उल्लेख भएअनुसार आयोगले सजाय दिन नहुने उल्लेख गरेको छ।

नागरिक सक्रियता र नागरिक अधिकार क्षेत्र

नागरिक सक्रियता भनेको नागरिकले आफ्ना स्थानीय समुदाय र लोकतन्त्रका सबै तहमा शहरदेखि राष्ट्रव्यापी क्रियाकलापमा संलग्न हुनु हो। नागरिक सक्रियता सडक सफा गर्ने अभियान, अल्पसंख्यक र बहिस्कृत समूहलाई लोकतान्त्रिक शीप, मूल्य र संलग्नता गराउने जत्तिकै सानो हुन् सक्छन्। नागरिक सक्रियता नेपाल, बंगलादेश र थाइल्याण्ड जस्ता लोकतन्त्रमा स्वस्थ समाजको लागि सबै भन्दा महत्वपूर्ण कदम हो। यसले सरकारी दमन र सरकार, कट्टरपन्थी र चरमपन्थीद्वारा चलाइएको अन्य रणनीतिमा लिप्त हुनुभन्दा समस्याको वास्तविक समाधान खोज्न अनुमति दिनु महत्वपूर्ण हुन्छ।

नागरिक सक्रियताको लागि नागरिक अधिकार क्षेत्र महत्वपूर्ण हुन्छ। जब नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र संकुचित वा बन्द हुन्छ, नागरिकले आफ्नो वाक र अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला र छलफलको अधिकार प्रयोग गर्न पाउँदैनन्। नेपालजस्तो बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय र बहुधार्मिक मुलुकमा दलित, जनजाति, महिला, युवा, सिमान्तकृत वर्गका जनतालाई एकताबद्ध हुन नागरिक अधिकार क्षेत्रले वातावरण प्रदान गर्छ। यसले सिमान्तकृत समुदायलाई एक भएर समूहको फाइदाको लागि आवाज उठाउन सहयोग पुग्छ। नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रले यी वर्ग र समुदायलाई आफ्नो अधिकारका लागि सक्रियरूपमा एकताबद्ध हुन र नागरिक सक्रियताका लागि भूमिका खेल्ने वातावरण प्रदान गर्दछ।

अध्याय छ

नेपालमा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको संरचना

परम्परागत केन्द्रीकृत शासन व्यवस्थाको अन्त्य गर्दै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको स्थापना भएको छ। नेपालको संविधानले मुलुकलाई तीन तहको सरकारमा पुनर्संरचना गरेको छ। स्थानीय तहमा वडा समिति, नगरपालिका र जिल्ला समन्वय समितिको व्यवस्था छ। त्यसैगरी प्रदेश र संघीय सरकार पनि छन्। तीनै तहका सरकारलाई राज्यशक्ति प्रयोग गर्ने अधिकार दिइएको छ। यसरी बस्ती तह, वडा तह, नगरपालिका तह, जिल्ला समन्वय समिति, प्रदेश र संघीय सरकार तह गरी कूल ६ वटा सरकारी संरचना छन्। सामाजिक संघसंस्थाले यी सबै संरचनामा जनताको नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धनका लागि एकताबद्ध हुने, आवद्ध हुने, शान्तिपूर्ण भेला गर्ने र अभिव्यक्ति दिनेजस्ता गतिविधि सञ्चालन गर्न सक्छन्।

स्थानीय तहमा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको गैरसरकारी संरचना

स्थानीय तहमा कार्यरत विभिन्न औपचारिक तथा अनौपचारिक गैरसरकारी संस्थाहरू छन् जसले नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धनमा योगदान पुऱ्याइरहेका छन्।

गैरसरकारी संरचना	नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र प्रबर्द्धनका लागि गर्न सकिने क्रियाकलाप
महिला र आमा समूह जेष्ठ नागरिक संघ दलित सञ्जाल जनजाति र आदिवासी समूह धार्मिक र व्यावसायिक संस्था मजदुर संगठन वकालत गर्ने समूह सामुदायिक वन उपभोक्ता समूह बस्ती विकास संस्था वडा नागरिक मञ्च सामाजिक आन्दोलन व्यावसायिक संघ युवा क्लब र नेटवर्क मानव अधिकार रक्षक सञ्जाल सहकारी संस्था आदि	• यी संस्थासँग आवद्ध भएर • यी संस्थाद्वारा आयोजित कार्यक्रममा भाग लिएर • उनीहरूले सञ्चालन गरेका दबाव कार्यक्रममा सहभागी भएर • यी समूह र सञ्जालमार्फत जनताका सरोकारका मुद्दा उठाएर • नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र माथि छलफल गरेर, यी संस्थासँग आवद्ध भएर र संकुचन भएको देखिएमा दबावमुलक कार्यक्रम गरेर • पछाडि पारिएका वर्ग समुदायको मानव अधिकार र समानताको लागि भेला हुने, संगठित हुने र आवद्ध हुने अधिकारको रक्षाको लागि नियमति बैठक गरेर र ती आवाज उठाएर • वडा र बस्ती स्तरमा हुने बैठकमा हुने योजना तर्जुमाका छलफलमा भाग लिने • नगरपालिका स्तरमा हुने नीति निर्माणको लागि हुने सामूहिक छलफलमा सहभगी भएर नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धन गर्न सकिन्छ। • सामाजिक जवाफदेहिता प्रबर्द्धन हुने क्रियाकलाप जस्तै : सञ्जाल र समूहमार्फत सार्वजनिक सुनुवाइ गर्न सरकारी अधिकारीलाई आमजनताप्रति जवाफदेही बनाएर

नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको सरकारी संरचना

नेपालमा स्थानीय तहदेखि संघीय तहसम्म विभिन्न औपचारिक सरकारी संरचना छन्। यी संरचनामा आवद्ध हुँदै सरकारी अधिकारीलाई सर्वसाधारण जनताप्रति जवाफदेही बनाउन सकिन्छ। यसले पनि नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धनमा योगदान पुऱ्याउँछ।

बस्तीस्तरमा हुने योजना निर्माण बैठक, वडा कार्यलयले प्रदान गर्ने वस्तु र सेवाको गुणस्तर प्रबर्द्धनका लागि हुने वडास्तरका भेलाले सरकारको समग्र प्रणालीलाई जनमैत्री बनाउँन सघाउँछ। यी संरचनालाई जवाफदेही बनाउन सामाजिक संघसंस्थाले ती संरचना र संयन्त्रमा अर्थपूर्ण सहभागिता जनाउन सक्छन्। यो सहभागिताले जनताको नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रलाई प्रबर्द्धन गर्न मद्दत पुऱ्याउँछ।

गाउँपालिका र नगरपालिकामा उपाध्यक्ष र उपमेयरको अध्यक्षतामा न्यायिक समिति, सामाजिक विकास शाखा, विषयगत समितिजस्ता संरचना छन्। यी संरचनाले स्थानीय तहमा नागरिक अधिकार प्रदानमा भूमिका खेल्छन्। जिल्ला समन्वय समितिले गर्ने अनुगमन तथा मूल्याङ्कनका काममा जनतालाई सहभागी

गराउनु सक्छ। त्यसैगरी प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय लगायत विभिन्न मन्त्रालय छन्। प्रदेश तहमा कार्यपालिका र व्यवस्थापिका छन्। यी प्रादेशिक संरचना र संयन्त्रमा योजना तर्जुमा, नीति तथा कानुन निर्माण, विकास गतिविधि, कार्यान्वयन, अनुगमन र मूल्याङ्नका लागि प्रदेश सरकारले नागरिक र नागरिक समाजलाई संलग्न गराउन सक्छ। यसरी संघीय संसद र यसका समितिमा संलग्न गराएर नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रलाई सुदृढ बनाउन सकिन्छ।

नेपालको संविधानले वडा तहदेखि सङ्घीय तहसम्मका सबै संरचनामा निष्पक्ष निर्वाचन हुने व्यवस्था गरेको छ। अर्को शब्दमा भन्ने हो भने संविधानले प्रत्येक नेपाली नागरिकको नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र सुनिश्चित गरेको छ। जनताले निष्पक्ष निर्वाचनमार्फत आफ्नो नागरिक र राजनीतिक अधिकारको बिस्तार गर्दै लोकतन्त्रलाई सुदृढ पार्न भूमिका खेल्न सक्छन्।

तह	संरचना	नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र प्रबर्द्धन गर्ने काम
बस्तीस्तर	योजना तर्जुमा बैठक, सभा, बजेट विनियोजन, उपभोक्ता समूह गठन	• योजना तर्जुमा र बजेट विनियोजन प्रक्रियाका सबै चरणमा भाग लिने • वडास्तरमा दलित, महिला, जनजाति, आदिवासी, मधेशी, मुस्लिम, थारु, अल्पसंख्यक समूह, सिमान्तकृत समूह, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भकएका व्यक्ति लगायत सबै वर्ग र समुदायको सहभागिता सुनिश्चित गर्दै वडास्तरमा परियोजनाको छनाट गर्ने। • बस्ती स्तरमा स्थानीय तहबाट सहभागिता गराउने र सभा, छलफलमा सहभागी हुन अरूलाई प्रोत्साहन गर्ने। • स्थानीय तहबाट गठित उपभोक्ता समूह, सञ्जाल, क्लब र समितिले लोकतान्त्रिक प्रक्रियालाई सुनिश्चित गर्ने। • स्थानीय तहमा सक्रिय सामुदायिक संस्था जस्तै : बस्ती विकास संस्था, आमा समूह, युवा समूह, नागरिक सचेतना केन्द्र, उपभोक्ता समूह, अन्य समूह र सञ्जाल स्थानीय स्तरमा योजना तर्जुमामा विभिन्न निकायको अर्थपूर्ण र सक्रिय सहभागिता सुनिश्चित गर्ने।
वडातह	स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रत्येक वडामा कार्यालय स्थापना गरेको छ। देशैभरि ६,७४३ वडा समिति छन्।	• प्रत्येक वडामा वडा अध्यक्ष सहित ४ जना जनप्रतिनिधि निष्पक्ष निर्वाचनबाट निर्वाचित हुन्छन्। नागरिक र लोकतान्त्रिक अधिकारका क्षेत्रप्रति सकारात्मक हुँदै उम्मेदवार चयन गर्ने • योजना तर्जुमा गर्दा नागरिक समाजको सहभागिता, वडा समितिमा कार्यान्वयन, अनुगमन र मूल्याङ्न। • आयोजनाको माग सङ्कलन, प्राथमिकता निर्धारण र छनोट गर्ने र बस्ती विकास संस्थाको गठन र परिचालन, उपभोक्ता समूहको गठन गरी ती समूहमार्फत अनुगमन गर्दा वडा समितिमा नागरिक सहभागिता जनाउने। पछाडि पारिएका र बहिष्कृत समुदायको सहभागिता सुनिश्चित गरी यी गतिविधिमा लोकतान्त्रिक अभ्यासको प्रवर्द्धन गर्ने। • वडा समितिले नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र संकुचन गर्दा सामूहिक रुपमा विरोध गर्ने।

तह	संरचना	नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र प्रबर्द्धन गर्ने काम
नगरपालिका तहमा	नगरपालिका तहमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी ७५३ स्थानीय तह छन् । स्थानीय तहमा न्यायिक समिति, सामाजिक विकास शाखा र विषयगत कार्यालय छन् ।	• न्यायिक समिति र सामाजिक विकासका सवालमा आवाज उठाउने, सभामा भाग लिने र विभिन्न संयन्त्र र संरचनामा नागरिक अधिकार क्षेत्रको सदुपयोग गर्ने । • नेपालको संविधानमा स्थानीय तहको २२ वटा एकल अधिकारको व्यवस्था गरेको छ । स्थानीय व्यवस्थापिकामा नीति निर्माणमा सहभागी भएर सबै २२ वटै अधिकारकको कार्यान्वयन गर्ने । • नीति निर्माण र कानुन बनाउँदा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रलाई फराकिलो पार्न वकालत गर्ने । • स्थानीय तहले आयोजना गर्ने सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखापरीक्षण, सामाजिक लेखापरीक्षणमा सहभागिता र आवाज उठाउने ।
जिल्ला तहमा	सबै ७७ जिल्लामा जिल्ला समन्वय समिति	• सामाजिक संघसंस्थाले जिल्ला, नगरपालिका र गाउँपालिकामा सरकारी प्रादेशिक र संघीय निकायबीच समन्वय स्थापना गर्नेजस्ता गतिविधिमा समन्वय र साझेदारीमा काम गर्न सकिन्छ । यस साथै, विकास गतिविधिबीच सन्तुलन गर्न विकासका गतिविधिको अनुगमनका क्रममा सामाजिक संघसंस्थालाई संलग्न गराउन सकिन्छ । • सामाजिक संघसंस्थाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन जिल्ला समन्वय समितिका गतिविधिमा संलग्न हुने
प्रदेश तहमा	प्रदेश मातहतका सात प्रदेश र समिति । प्रदेश योजना आयोग प्रदेश सरकार र मन्त्रालय ।	• सामाजिक संघसंस्था जनताको नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धन गर्ने गतिविधिमा संलग्न हुने • सामाजिक संघसंस्थाले प्रदेशसभासँग समन्वय गरी काम गर्न सक्छन् र प्रदेशसभा मातहतका विषयगत समिति बनाएर नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र प्रबर्द्धन गर्न आवश्यक कानुन निर्माण गर्न दबाब दिने । ती कानुनको कार्यान्वयनको क्रममा प्रदेश सरकारले नागरिक र लोकतन्त्रलाई संकुचित गर्न खोजेको छ भने प्रदेशसभा सदस्यसँग समन्वय गरी त्यस्तो कानुन बन्नबाट रोक्ने । • सामाजिक संघसंस्थालाई योजना तर्जुमा, नीति तर्जुमा, विकास गतिविधिको कार्यान्वयन र प्रदेशस्तरमा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धन गर्न ती गतिविधिको अनुगमनमा संलग्न हुने ।
संघिय तहमा	संघीय संसद, विषय मन्त्रालय, विभिन्न संवैधानिक आयोग, राष्ट्रिय योजना आयोग	• संसदमा सामाजिक संघसंस्था सम्बन्धी ऐन र कानुनको निर्माणमा संलग्न हुन सक्छन् । त्यस्तो बेला जनताको नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रको प्रबर्द्धन र संरक्षण गर्न संघीय संसद मातहतका विभिन्न विषय समितिसँग समन्वय गर्ने • नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र संकुचित भएको पाइएमा निर्वाचित सांसदसँग अन्तर्क्रिया गर्न सकिन्छ । सामाजिक संघसंस्थाले ती प्रतिनिधिलाई संसदमा त्यस्तो कानुन बन्न नदिन वा कार्यान्वयन हुन नदिन आवाज उठाउन आग्रह गर्न सकिन्छ । • सरकारले नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रलाई संकुचित गर्न खोजेमा सर्वोच्च अदालतमा जनहित मुद्दा दायर गर्न सकिन्छ । • त्यसैगरी योजना, नीति तथा कार्यक्रम तर्जुमा र तिनको कार्यान्वयनमा संघीय सरकारको एकल र समवर्ती अधिकारका अभ्यासका गतिविधिमा सहभागी हुन सकिन्छ । त्यसैगरी ती व्यवस्थाको कार्यान्वयनको अनुगमनमा सहभागी हुने । • सरकारलाई नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्रबारे सचेत गराउन राष्ट्रिय मानवअधिकार आयोगलगायत संवैधानिक आयोगसँग समन्वय गरी काम गर्ने ।

स्थानीय तहको योजना तर्जुमाको चरण ३ देखि ६ चरणमा नागरिकले सक्रिय सहभागिता जनाउन सक्छन्। समाजको तल्लो तहमा हुने नागरिक सक्रियताले नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र बलियो बनाउन भूमिका खेल्छ।

चरण	क्रियाकलाप	
एक	आय र खर्चको मूल्याङ्कन र तथ्याङ्क सहित विवरण पेश गर्ने	
दुई	स्रोत मूल्याङ्कन र बजेटको सीमा निर्धारण गर्ने	
तीन	बस्तीस्तरमा परियोजना चयन गर्ने	
चार	वडा तहमा आयोजना छनोट र प्राथमिकीकरण गर्ने	
पाँच	बजेट विनियोजन र कार्यक्रम तर्जुमा गर्ने	
छ	स्थानीय कार्यकरी निकायबाट कार्यक्रम र बजेट स्वीकृत गर्ने	
सात	गाउँपालिकाको भेलाबाट कार्यक्रम र बजेट स्वीकृत गर्ने	

सामाजिक संघसंस्थाले आफ्नो अडान राखेका छन् र सार्वजनिक मामिलामा सहभागी भएर आफ्नो अधिकारको रक्षा गरेका छन्। सामाजिक अभियन्ताका गतिविधिको विरोध हुँदा पनि उनीहरु नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र रक्षाका लागि निरन्तररुपमा क्रियाशील छन्।

- भेला, सम्मेलन आदिमार्फत अभिव्यक्ति स्वतन्त्रता, मानवअधिकार, धर्म र आस्थाको स्वतन्त्रता र बहुलवादी समाजको सुदृढीकरणको आवश्यकताबारे मानिसलाई शिक्षित बनाउने।
- अल्पसंख्यक समुदायलाई धम्की दिने र नियोजित मनसायद मन गर्ने कट्टरपन्थी आवाजविरूद्ध लड्न र स्वतन्त्र लोकतान्त्रिक समाज बनाउन प्रभावकारी र समग्र कार्य लागू गर्ने।
- विपक्षी राजनीतिक दलहरूलाई समस्याबारे बोध गराएर विचार राख्ने अवसर दिनुपर्छ। राजनीतिक विध्वंसविरुद्ध गतिविधिविरुद्ध गरिने कारबाहीलाई पारदर्शिता र जवाफदेहिता बनाउन उचित कानुनी प्रक्रिया पालना गराउने।
- बढ्दो आतंकवाद र हिंसालाई सम्बोधन गर्न त्यस्ता घटनाका दोषीलाई छिटो कारबाही गर्ने, अल्पसंख्यक समूह र मानव अधिकार अभियान्ताविरुद्ध हुने आक्रमणमा संलग्न व्यक्तिमाथि निष्पक्ष छानबिन गर्ने र अभियोग सुनिश्चित भएपछि पीडकलाई कारबाही गरी दण्डहीनताको संस्कृति अन्त्य गर्ने।
- जातीय, धर्म, क्षेत्र र लिङ्गका आधारमा हुने भेदभाव उन्मूलन गर्नका लागि कानुन र नीतिमा भएका प्रावधानको पहिचान गरी परिमार्जन गर्ने। स्थानीय र राष्ट्रिय पाठ्यक्रममा व्यापक समावेशी शिक्षा समावेश गर्न कदम चलाउने र जात, जाति र लैङ्गिक पहिचानजस्ता सवाल र समस्या सम्बोधन गर्न विशेष कानुन वा नीति निर्माण र कार्यान्वयन गर्ने।
- दलितलाई 'विशेष' समुदायको रूपमा मान्यता दिएर यो समुदायको गरिबीको अवस्थाबारे छुट्टै तथ्याङ्क तयार गर्ने र उनीहरूका लागि विशेष रोजगारी र जीविकोपार्जन विकास कार्यक्रम सञ्चालन गर्ने।

तपाईको ठाउँमा नागरिक र लोकतान्त्रिक क्षेत्रको अवस्था कस्तो छ ?
स्व-मूल्याङ्कन फारम

चरण १: निम्न स्केलमा प्रश्नको जवाफ दिनुहोस :

बिल्कुल छैन : १

प्रायः हुँदैन : २

कहिलेकाहीं हुन्छ : ३

प्रायः हुन्छ : ४

शतप्रति शत हुन्छ : ५

क्रस	प्रश्न	अंक
१	के मानिस आफ्नो व्यक्ति वा सम्पत्तिको अधिकारको उल्लङ्घनबाट मुक्त छन् ?	
२	के मानिसलाई आन्दोलन, अभिव्यक्ति र आवद्धताको स्वतन्त्रता छ ?	
३	के मानिस लाई आफ्नै धर्म, भाषा र संस्कृति अभ्यास गर्ने स्वतन्त्रता छ ?	
४	के संघ, नागरिक समूह, सामाजिक आन्दोलन स्वैच्छिक छन्, र तिनीहरू राजनीतिक रुपमा स्वतन्त्र छन् ?	
५	के महिला राजनीतिक जीवन र सार्वजनिक पदमा सबै तहमा सहभागी हुन्छन् ?	
६	के सबै सामाजिक समूहको सार्वजनिक कार्यालयमा समान पहुँच छ र तिनीहरूले त्यसमा उचित रूपमा प्रतिनिधित्व गर्छन् ?	
७	के शैक्षिक स्वतन्त्रता छ र शैक्षिक प्रणाली व्यापक राजनीतिक प्रभाव वा प्रेरणाबाट मुक्त छ ?	
८	के त्यहाँ भेला, प्रदर्शन, र खुला सार्वजनिक स्वतन्त्रता छ ?सबै विषयमा छलफल हुन्छ ?	
९	के धार्मिक संस्थाहरु, नागरिक संगठन, विद्यार्थी संगठन, युनियन र अन्य संगठन सरकारी र राजनितिक दबाबबाट मुक्त छन् ?	
१०	के मिडिया सरकारबाट स्वतन्त्र छ ?	
११	विभिन्न विचारधाराका प्रतिनिधि र समाजका विभिन्न वर्गका सञ्चारमाध्यमको पहुँच छ ?	
१२	के मिडिया र अन्य स्वतन्त्र संस्थाहरू प्रभावकारी छन् ? सरकार, राजनीतिक दल र शक्तिशालीमाथि छानबिन हुन्छ ?	
१३	के पत्रकार प्रतिबन्धात्मक कानुन, दमन र धम्कीबाट मुक्त छन् ?	
१४	के निर्वाचित विधायिकाले जनसंख्याको सामाजिक संरचना झल्काउँछ ?	

क्रस	प्रश्न	अंक
१५	के निर्वाचित जनप्रतिनिधि आफ्नो निर्वाचन क्षेत्रको पहुँचमा छन् ?	
१६	के सरकारी नीति र कानुनमा जनतालाई परामर्श गर्न अनुमति दिने खुला र व्यवस्थित प्रक्रिया छन् ?	
१७	के निर्वाचित जनप्रतिनिधि आफ्नो निर्वाचन क्षेत्रको पहुँचमा छन् ?	
१८	के सार्वजनिक सेवा पहुँचयोग्य र भरपर्दो छन् ?	
१९	समाजका मुख्य समस्या समाधान गर्ने सरकारको क्षमतामा जनतालाई विश्वास छ ?	
२०	सरकारलाई प्रभाव पार्ने आफ्नै क्षमतामा जनतालाई विश्वास छ ?	

चरण २ : कूल स्कोर प्राप्त गर्न स्कोर थप्नुहोस् ।

चरण ३ : नागरिक र लोकतान्त्रिक स्थान प्राप्त गर्न कूल स्कोरलाई ६० ले भाग गर्नुहोस्

निम्न स्केल :

१ देखि १.९ न्यूनतम नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र
२ देखि २.९ कम नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र
३ देखि ३.९ थप नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र
४ देखि ५ सबैभन्दा नागरिक र लोकतान्त्रिक अधिकार क्षेत्र

FEDO

PLAN INTERNATIONAL

Funded by
the European Union